निर्णय नं. १.

कार्यपालिकाबाट स्विकृत भई अनुमोदनको लागि नगरसभामा पेश भएको मेलम्ची नगरपालिकाको शिक्षा ऐन, २०७५ मा आवश्यक छलफल गरी देहाय बमोजिम संशोधन गर्न स्विकृती प्रदान गरियो ।

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगर शिक्षा ऐन, २०७५ मा संशोधन प्रस्ताव

सि.नं.	विद्यमान ऐनमा भएको व्यवस्था	प्रस्तावित संशोधन	संशोधन गर्नु पर्नाको कारण
१	दफा १४१(क) थप गर्नुपर्ने	नगर क्षेत्रभित्र कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा शिक्षण प्रशिक्षण सम्बन्धी कक्षा सञ्चालन गर्दा नगरपालिकाबाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने छ ।	नगर क्षेत्रभित्र कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा शिक्षण प्रशिक्षण कार्यक्रमको सञ्चालनलाई व्यवस्थित गर्न
नगर शिक्षा समिति			
२	दफा २१.१. (च) विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको प्रतिनिधि एकजना सदस्य	सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य	नगरमा सामुदायिक विद्यालयहरु बढी संचालनमा रहेकोले सामुदायिक विद्यालयकै सहभागिता सुनिश्चित गर्नुपर्ने
३	दफा २१.१. च १ थप गर्नुपर्ने	समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट कम्तीमा एकजना महिला सहित नगर शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य	समाजसेवी तथा शिक्षाप्रेमीको सहभागिता गराउन आवश्यक देखिएको
४	दफा २१.१. च २ थप गर्नुपर्ने	नगरमा सञ्चालित सामुदायिक विद्यालयहरु मध्येबाट आधारभूत तथा माध्यमिक तहको प्र.अ. को प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य	विद्यालयका प्र.अ. हरुको प्रतिनिधिमुलक सहभागिता गराउन आवश्यक देखिएको
सामुदायिक विद्यालयको व्यवस्थापन समिति			
५	दफा ३२.१ (क) विद्यालयका अभिभावकहरुले छनौट गरेको अभिभावक एकजना अध्यक्ष	विद्यालयका अभिभावकहरुले छनौट गरेको एकजना अध्यक्ष	अभिभावक भन्दा बाहिरको व्यक्तिले पनि कुशल नेतृत्व वहन गर्नसक्ने
६	दफा ३२.१ (ख) विद्यालयका अभिभावकहरु मध्येबाट छनौट भएका महिला, दलित, जनजाति र अल्पसंख्यकहरुबाट तीन जना सदस्य	विद्यालयका अभिभावकहरु मध्येबाट छनौट भएका महिला, दलित, जनजाति र अल्पसंख्यकहरुबाट कम्तीमा दुई जना महिला सहित चार जना सदस्य	महिलाको सहभागिता सुनिश्चितताको लागि
७	दफा ३२.१ (ग) विद्यालयका शिक्षकहरु मध्येबाट शिक्षकहरुले प्रतिनिधिको रुपमा छनोट गरी पठाएको एक जना सदस्य	विद्यालयका शिक्षकहरु मध्येबाट उपलब्ध भएसम्म सोही विद्यालयको अभिभावक समेत रहेको शिक्षक प्रतिनिधि एक जना सदस्य	शिक्षक प्रतिनिधि अभिभावक समेत भएमा सोको प्रभाव सकारात्मक पर्नसक्ने
८	दफा ३२.१.ग (१) थप गर्ने	सम्बन्धित वडाको वडा समितिले तोकेको एक जना सदस्य	जनप्रतिनिधिको सहभागिता गराउन आवश्यक देखिएकोले
९	दफा ३२.१ (घ) माध्यमिक तहमा वडा शिक्षा समितिले तोकेको कम्तीमा एक महिला सहित दुई जना सदस्य	समाजसेवी तथा शिक्षाप्रेमी मध्येबाट वडा शिक्षा समितिले मनोनित गरी पठाएको एकजना महिला सहित दुई जना सदस्य	वि.व्य.स.मा समाजसेवी तथा शिक्षाप्रेमीहरुको मनोनित वडा शिक्षा समितिले गर्दा उपयुक्त हुने

Scanned with CamScanner

सि.नं.	विद्यमान ऐनमा भएको व्यवस्था	प्रस्तावित संशोधन	संशोधन गर्नु पर्नाको कारण
१०	दफा ३२.१. (ङ) बडा समितिले तोकेको समाजसेवी तथा शिक्षाप्रेमी मध्येबाट एक जना सदस्य	बडा समितिले तोकेको समाजसेवी, शिक्षाप्रेमी तथा चन्दादाता मध्येबाट एक जना सदस्य	चन्दादाताहरुको सहभागिता गराउन आवश्यक देखिएकोले
११	दफा ३२.२ उपदफा (१) बमोजिमको समितिमा विद्यालय स्तरीय बालक्लबले छनौट गरी पठाएको एक बालक र एकजना बालिका गरी दुई जना आमन्त्रित सदस्य हुनेछन् ।	उपदफा (१) बमोजिमको समितिमा विद्यालय स्तरीय बालक्लबले छनौट गरी पठाएको एक जना बालक र एकजना बालिका गरी दुई जना आमन्त्रित सदस्य रहनेछन् । साथै प्राविधिक विषय अध्ययन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले नगरपालिकास्तरका उद्योग तथा वाणिज्य महासंघका एकजना प्रतिनिधि सदस्य मनोनयन गर्नेछ ।	प्राविधिक विषयमा अध्ययन गराउने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा नगरपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका प्रतिनिधिको सहभागिता गराउन आवश्यक भएको ।
१२	दफा ३२.१५ (च) थप गर्ने	अध्यक्षको हकमा विद्यालय जुन तहसम्म संचालित छ सोही तहको शैक्षिक योग्यता हासिल भएको हुनु पर्ने छ । यदि सो योग्यता भएको व्यक्ति उपलब्ध हुन नसकेमा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्षका लागि योग्य हुन सक्नेछ । साथै निर्वाचित जनप्रतिनिधि, शिक्षक , कर्मचारी एवम् अन्य संगठित संघसंस्थाको कार्यकारिणी समितिमा रहेका व्यक्तिहरु अध्यक्ष पदमा छनोट हुन पाउने छैनन् ।	वि.व्य.स. को अध्यक्षको हकमा थप योग्यता तोक्न आवश्यक देखिएकोले ।
प्रधानाध्यापक सम्बन्धी व्यवस्था			
१३	दफा ४२.२. क देखि घ सम्म (प्रधानाध्यापक हुनका लागि आवश्यक योग्यता)	दफा ४२.२. प्रधानाध्यापक हुनका लागि आवश्यक योग्यता तोकिए बमोजिम हुनेछ ।	विद्यालयमा प्रधानाध्यापकको नियुक्तिमा सहजता प्रदान गर्न ।

Scanned with CamScanner

निर्णय नं. २.

कार्यपालिकावाट स्विकृत भई अनुमोदनको लागि नगरसभा समक्ष पेश भएको मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ मा आवश्यक छलफल गरी देहाय वमोजिम संशोधन गर्न स्विकृत प्रदान गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

मेलम्ची नगरपालिकाको सहकारी ऐन २०७५ संशोधन प्रस्तावको तिन महले विवरण

क्र.सं.	दफा	हाल भईरहेको व्यवस्था	संशोधित व्यवस्था	संशोधन हुनुपर्ने कारण
१.	४	महासंघ गठन गर्न सकिने	संघ गठन गर्न सकिने	राष्ट्रिय स्तरको नभई स्थानिय स्तरको संस्था हुने भएकोले महासंघको सट्टामा संघ हुनुपर्ने
२.	४ को उपदफा(१)	नगरपालिका क्षेत्रका सहकारी हरुको प्रतिनिधित्व हुने गरी नगर सहकारी महासंघ गठन गर्न सकिनेछ ।	नगरपालिका क्षेत्रका विषयगत सहकारीको प्रतिनिधित्व हुने गरी नगर सहकारी संघ गठन गर्न सकिनेछ ।	राष्ट्रिय स्तरको नभई स्थानिय स्तरको संस्था हुने भएकोले महासंघको सट्टामा संघ हुनुपर्ने
३.	४ को उपदफा(२)	उपदफा(१)मा उल्लेख भएको नगर सहकारी महासंघ अर्न्तगत विषयगत सहकारीका संघहरु गठन गर्न सक्नेछ ।	उपदफा(१)मा उल्लेख भएको नगर सहकारी संघ अर्न्तगत विषयगत सहकारीका संघहरु गठन गर्न सक्नेछ ।	राष्ट्रिय स्तरको नभई स्थानिय स्तरको संस्था हुने भएकोले महासंघको सट्टामा संघ हुनुपर्ने

Scanned with CamScanner

निर्णय नं. ३.

कार्यपालिकाबाट स्विकृत भई नगरसभा समक्ष पेश हुन आएको मेलम्ची नगरपालिकाको आ.व. २०७६/७७ को विनियोजन ऐनमा दफावार छलफल गरी देहाय बमोजिम पास गर्ने निर्णय गरियो ।

दीर्घकालिन सोच :- "मेलम्ची नगर सम्वृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार"

नगरसभाका श्रद्धेय अध्यक्ष ज्यू,
नगरसभा सदस्यज्यू, पत्रकार मित्रहरू तथा दर्शकदीर्घामा रहनु भएका महानुभावहरू,

- मेलम्ची नगरपालिकाको उप-प्रमुखको हैसियतले यस नगर सभा समक्ष चालु आर्थिक वर्ष २०७६/०७७ को संसोधित बजेट प्रस्तुत गर्न पाउंदा अत्यन्त गौरवान्वित भएकी छु । यस अवसरमा राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरी नगरका तमाम न्यायप्रेमी नेपाली नागरिक प्रति सम्मान प्रकट गर्न चाहन्छु ।
- लामो समयको राजनैतिक संक्रमणकाल पछि देशमा जनप्रतिनिधिमूलक राज्य प्रणाली स्थापना भई लोकतान्त्रिक शासन प्रणाली संस्थागत हुने क्रममा रहेको छ । यो उपलब्धी संगै नगरबासीको भरपर्दो साथ र विश्वास पाएको स्थानीय सरकारलाई नगरको सम्पुर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अघि बढ्नु पर्ने आवश्यकता छ ।
- "मेलम्ची सम्वृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार", भन्ने नाराका साथ आर्थिक सामाजिक विकासको लागि अघि बढीरहेको यस नगरपालिकाले बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, श्रद्धेय नगर प्रमुखद्धारा प्रस्तुत भएको नीति तथा कार्यक्रम, नगर सभाका सदस्यज्यूहरूले दिनु भएका सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएकी छु, अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव, विभिन्न राजनैतिक दल, संघसंस्था, विद्धतवर्ग तथा नगरवासी दिदी-बहिनी, दाजु-भाईहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएकी छु

श्रद्धेय सभा अध्यक्ष ज्यू,

- अब म आ.व ०७६।०७७ को विनियोजित बजेटबारे संक्षिप्त जानकारी गराउने अनुमति चाहन्छु । नगरपालिकाबाट चालु आर्थिक वर्षमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास सहित क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजना छनौट भएका छन् । साथै अघिल्लो आ.व.को यथार्थ खर्चको विवरण यसै साथ संलग्न अनुसूचीमा रहेको व्यहोरा निवेदन गर्दछु ।

- नगरपालिकामा आ.व. ०७५।०७६ को जेष्ठ मसान्तसम्म नगरपालिका तर्फको सेवा र दस्तुर वापत रू ६७ लाख ३३ हजार १ सय २९ रूपैया ७० पैसा, प्राकृतिक श्रोत साधन उपयोग वापत व्यवसायिक कर रू २१ करोड १६ लाख ६१ हजार ६ सय १७ रूपैया ४१ पैसा, सडक मर्मत शुल्क तर्फ रू १ करोड ८७ लाख ९९ हजार ८० रूपैया

Scanned with CamScanner

९० पैसा र सवारी प्रवेश कर रू ४४ लाख १७ हजार ७ सय ४ रूपैया १० पैसा, सम्पत्तीकर, बहालकर, विज्ञापनकर, व्यवसायकर, भुमिकर लगायतबाट रू १ करोड त्रिचालिस लाख ५१ हजार ८ सय ९२ रूपैया ३७ सैसा गरी कुल आम्दानी रू २५ करोड ५९ लाख ६१ हजार ४ सय २४ रूपैया ४८ पैसा आन्तरिक आय प्राप्त भएको छ । नेपालको संविधान बमोजिम नगरपालिकाले लगाउने कर, दस्तुर तथा शुल्क लगायतका राजस्वको दरलाई वैज्ञानिक बनाई राजस्वका आधारहरू विस्तार गर्न नगरपालिकाले आफ्नो आन्तरिक जनशक्तिलाई राजस्वको अध्ययन र प्रतिवेदन तयारीमा परिचालित गरी राजस्व परामर्श समितिको प्रतिवेदनलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ । यसबाट आगामी दिनहरूमा करको दायरा विस्तार भई आन्तरिक राजस्व परिचालनमा सुदृढ हुने विश्वास लिएकी छु ।

श्रदेय सभा अध्यक्ष महोदय,

अब म आ.व. ०७६/०७७ मा नगर भित्र सञ्चालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरूका लागि रकम विनियोजनको प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आ.व. ०७६।०७७ मा नगरपालिकालाई विनियोजित तथा नगरको आन्तरिक श्रोतबाट प्राप्त हुने अनुमानित आय यस प्रकार रहेको छ ।

अनुमानित आय शीर्षक र रकमको समष्टिगत विवरण

शीर्षक	रकम
संघ समानीकरण अनुदान	१९९४०००००।००
संघ सशर्त अनुदान	२७५५०००००।००
संघ राजस्व बाँडफाँड	१०९६०००००।००
सशर्त अनुदान सा.सु	१३५०००००।००
प्रदेश वि.समानीकरण	१०६१४०००।००
प्रदेश सशर्त अनुदान	१००००००।००
प्रदेश राजस्व बाडँफाँड	३९६०६०००।००
जिसस मौज्दात कोषबाटबाट प्राप्त हुने राजस्व बाडफाँड	४०५०००००।००
दहत्तर बहत्तर	१४९०४०००।००
आन्तरिक राजस्व	१०३१७०६८२।००
प्रभावित क्षेत्र	९३५०००।००
अ. ल्या.	५२५०००००।००
जम्मा	११३४२८०६८२।००

Scanned with CamScanner

समेत गरी कुल नगरपालिकामा प्राप्त हुने आम्दानी : रू ११३४२८०६८२।०० (एक अर्ब तेह्र करोड बयालिस लाख असी हजार छ सय बयासी रूपैया मात्र) जसबाट समष्टिगत खर्चको प्रस्तावना देहाय बमोजिम प्रस्ताव गर्दछु । जसको विस्तृत विवरण अनुसूचीमा रहेको व्यहोरा निवेदन गर्दछु ।

प्रस्तावित खर्चको समष्टिगत व्यय शीर्षक र रकम :

व्यय	
शीर्षक	रकम
चालु प्रकृति	
वित्तीय समानीकरण संघ	६०००००००।००
आन्तरिक श्रोत	६५०००००००।००
सशर्त अनुदान	२७५५०००००।००
सशर्त सामाजिक सुरक्षा	१३५०००००००।००
चालु प्रकृतिको जम्मा	५३५५०००००।००
पुजिगत तर्फ	
सशर्त अनुदान प्रदेश	१०००००००।००
वित्तीय समानीकरण संघ	१३९४०००००।००
संघ राजस्व बाँडफाँड	१०९६०००००।००
प्रदेश वि.समानीकरण	१०६१४०००।००
आन्तरिक श्रोत	२३९७१०६८२।००
प्रदेश राजस्व बाडँफाँड	३९६०६०००।००
प्रभावित क्षेत्र कार्यक्रम	९३५०००।००
जिसस मौज्दात कोषबाटबाट प्राप्त हुने राजस्व बाडफाँड	४०५०००००।००
पुजिगत प्रकृतिको जम्मा	५९८७८०६८२।००
जम्मा	११३४२८०६८२।००

यस्तै , यस नगरपालिका क्षेत्र भित्र कार्यक्रमहरू संचालन गरिरहेका संघसंस्थाहरूबाट आगामी आ.व.मा संचालन हुने कार्यक्रम तथा योजनाको विवरण प्राप्त भएका छन् । प्राप्त भएका देहाय बमोजिमका कार्यक्रमहरू स्वीकृतीका लागि अनुरोध गर्दछु ।

तपशिल :

क्र.स	संस्थाको नाम	कार्यक्रमको विवरण	प्रस्तावित बजेट
१	रिलिफ नेपाल सिन्धुली	कालिका शरण आ.वि. हैवुङ्मा १६ थान कम्प्यूटर विवतरण	१४५११०५।००
२	ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी RHEST	विपन्न परिषरका छोरीलाई शैक्षिक सहयोग २४ विद्यालय	११०९२०९८।००
३	ब्युटिफुल कफी नेपाल	वडा नं ५, ६ र १० मा कफी सम्बन्धी कार्यक्रम संचालन	७९६५९३।००

Scanned with CamScanner

४	बौद्ध बाहुनेपाटी परिषर कल्याण योजना परिषर	नौलिङ्गे स्वास्थ्यचौकी वडा नं ६	२४६८७१०।००
५	होम कियर नेपाल, बौद्ध, टुसाल	सरसफाई, जनचेतना तथा शैक्षिक सामाग्री	६३३०००।००
६	शान्ति फाउण्डेशन	स्वस्थ्य र प्रजनन स्वस्थ्य	४८०००।००
७	द साल्भेसन मिसन, ललितपुर	जीवनस्तर बृद्धि, दिगो विकास	८५६२१५८।००
८	चाइल्ड नेपाल	बालबालिकासंग सम्बन्धी एवं ग्रामिण सहभागिता र आत्मनिर्भरताको लागि	११७७६८५८।००
९	ह्योसिमेस	विभिन्न अवयवका विकास कार्यक्रम	७५०००००।००
१०	सामुदायिक वातावरण तथा संरक्षण	विद्यालय पुर्नस्थापना	८३५५६२०।००
११	टुकी संघ सुनकोशी	विविध कार्यक्रम	१८१७८५०।००
१२	महिला आत्मनिर्भरता केन्द्र, मेलम्ची	एकीकृत बस्ती, बालसंरक्षण, महिला तथा बालबालिका आपतकालिन संरक्षण	१८०२५०००।००
१३	सामुदायिक आत्मनिर्भरता केन्द्र	जिविकोपार्जन सुधार, साना सिंचाई तथा सहकारी विकास	१८१९५९८।००
१४	शक्ति समूह	विभिन्न अवयवका विकास कार्यक्रम	५८०९३६७।००
		जम्मा	१४८०८७९५७।००

आय व्ययको विस्तृत विवरण यसै साथ संलग्न अनुसूचीमा रहेको व्यहोरा समेत निवेदन गर्दछु चालु आ.व. मा पुजिगत तर्फ ७८.७८ प्रतिशत र चालु तर्फ ८४.२४ प्रतिशत प्रगती भएको व्यहोरा निवेदन गर्दै आगामी आ.व. को विनियोजन बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

विनियोजित बजेटमध्ये नगरपालिका तर्फको पुजिगत शीर्षकमा ५६ करोड ८७ लाख ८० हजार ६ सय ८२ रूपैया र चालु प्रकृति तर्फका कार्यक्रम तथा प्रशासनिक शीर्षकमा ५३ करोड ५५ लाख विनियोजन गरेको छु । संघसंस्थाबाट प्राप्त बजेट यो नगरसभाबाट स्वीकृत भएपश्चात संचालन हुने व्यहोरा निवेदन गर्दै, अव म मेलम्ची नगरपालिकाबाट विनियोजित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहन्छु ।

कृषि, पशु र जनस्वास्थ्य सेवाको लागि संयुक्त सेवा केन्द्रको व्यवस्था गर्दै लैजाने नीतिलाई निरन्तरता दिएको छु । यस बमोजिम नगरपालिकाको वडा नं. ४ को पिप्ले क्षेत्रमा संयुक्त सेवा केन्द्र स्थापना संचालनमा रहेको छ सोको संचालन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

Scanned with CamScanner

- कृषिमा आधुनिकीकरण तथा व्यावसायीकरण गर्दै उत्पादकत्व वृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुग्ध पदार्थ र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन कृषी विकास कोष वृद्धि गर्न र कृषक लक्षित बालि विकास, विविधिकरण, माटो सुधार, प्रविधि तथा क्षमता विकास सहितका कार्यक्रमहरू संचालन गर्न संसोधन सहित ४ करोड विनियोजन गरेको छु ।
- नगरपालिका भित्र तरकारीबाली, नगदेबाली, फलफुल खेतीको पकेट क्षेत्र निर्धारणगरी विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । कृषिमा समयानुकुल यान्त्रीकरण गर्दै उत्पादन लागत घटाउने तथा उत्पादकत्व बढाउने नगरपालिकाको नीति भए बमोजिम कृषि यन्त्र उपकरण खरीदमा आवश्यकता अनुसार अनुदान प्रदान गर्ने व्यवस्था गरेको छु । मल, बिउ, सिंचाई, कृषि प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गर्ने तथा बाली, पशु बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने व्यवस्थाको लागि समन्वयका साथ कार्य गर्ने व्यवस्था मिलाईएको छ । यस कार्यको लागि निजी क्षेत्र, समूह र सहकारी संस्थाहरूलाई समेत परिचालन गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सार्वजानिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा पशु नश्ल केन्द्र विकास गरी उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरूको उत्पादन तथा वितरणलाई व्यवस्थित गर्न तथा पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्न रकम रू १ करोड विनियोजन गरेको छु ।
- सेनेटरी ल्याण्डफिल साइड निर्माण गरी फोहरमैलाको समुचित व्यवस्थापन गरिनेछ, ब्लु वेस्ट टु भ्यालु नामक संस्थासंग कार्य गर्ने गरी प्रक्रिया अगाडी बढाएको छ र उक्त कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- मेलम्ची नगरपालिकामा एक सुविधा सम्पन्न अस्पताल निर्माण हुनेछ, जसको निर्माणको संघ तथा प्रदेश सरकारसंग समन्वय गरी आगामी दुई वर्ष भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- नगर शहरी स्वास्थ्य क्लिनिकको स्थापना भएकोमा स्थापित शहरी स्वास्थ्य क्लिनिकहरूको संचालन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिँदै नगरभित्रका बर्थिङ सेन्टरहरूमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरूलाई तीन महिना सम्म मासिक रू. १ हजारका दरले पोषण भत्ताको व्यवस्था गरेको छु ।
- नगर भित्र एक वडा एक स्वास्थ्य केन्द्रको नीति बमोजिम वडाहरूमा स्वास्थ्य केन्द्रको स्थापना तथा व्यवस्थाको लागि आवश्यक पहल गरिने छ, नगरभित्र रक्तदान कार्यक्रम तथा रक्त परीक्षण कार्यलाई आवश्यक वजेटको व्यवस्था गरेको छु ।

Scanned with CamScanner

- मेडिको मोवाइल तथा डाटावेश सम्बन्धी स्वास्थ्य सुधार कार्यक्रम संचालन हुदै आएकोमा महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्रोस्ताहन गरिनेछ साथै वडा नं २ र वडा नं ८ को स्वास्थ्यचौकी निर्माणका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ । जसको लागि नगरपालिकाको तर्फबाट साझेदारीका लागि २० लाख रकम विनियोजन गरेको छु ।
- महिलाहरूको प्रजनन अधिकार सम्बन्धमा सचेतनामुलक कार्यक्रम संचालन गरिनुको साथै पाठेघर क्यान्सर जाँच VIA क्याम्प संचालन गरिनेछ । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरीनेछ, जसको आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा निःशुल्क आधारभुत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरूको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु । यी र यस्तै प्रकृतिका स्वास्थ्य शीर्षकमा आर्युवेद चिकित्सा सहितको कार्यक्रमको लागि रू ३ करोड विनियोजन गरेको छु ।
- सुशासनयुक्त नगरको परिकल्पनालाई मद्दत पुग्ने गरी सुशासनमैत्री नगर शीर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु ।
- शहरी सौन्दर्यता कायम गर्न बजार व्यवस्थापनलाई चुस्त र दुरूस्त राख्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- टोलटोलमा मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ जसको लागि रू ५ लाख बजेट विनियोजन गरेको छु ।
- न्यायिक समितिको संचालन व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु,
- सामुदायिक मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापनको नीतिलाई निरन्तरता दिएको छु, जसको लागि रू ४ लाख विनियोजन गरेको छु ।
- नगर सुरक्षा कार्यक्रम नगरभित्र क्रियासिल रहेका सुरक्षा निकायसंगको समन्वयमा संचालन गरिनेछ जसको लागि रू १० लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्र रहेको टोलबस्तीहरूमा टोल विकास संस्था गठन गर्ने र क्रियासिल गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ, जसको संचालन/व्यवस्थापन/अनुशिक्षण/प्रोत्साहनका गर्न रू २६ लाख विनियोजन गरेको छु
- बजार व्यवस्थापन, अनुगमन, राजस्व परिचालन तथा उपभोक्ता हित संरक्षणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

Scanned with CamScanner

- विषयगत शाखाहरूले सशर्त अनुदानबाट प्राप्त गर्ने रकम जुन शीर्षकमा खर्च गर्ने गरी प्राप्त भएको हो । सोही शीर्षकबाट खर्च हुने गरी विनियोजन गरेको छु ।

- आकस्मिक हुने विपदको उद्धार, व्यवस्थापनका लागि विपदका अत्यावश्यक सामाग्रीहरूको व्यवस्थापन गरिनेछ, नगरपालिकामा स्थापना गरिएको विपद् व्यवस्थापन कोष वृद्धि गर्न तथा विपद् व्यवस्थापनका कार्यक्रम संचालन, र जलवायु अनुकुलन कार्यक्रम संचालन गर्न संसोधित सहित रू १ करोड ५० लाख विनियोजन गरेको छु. उक्त कोषको समुचित संचालन व्यवस्थापनका लागि कार्यविधी बनाईको छ ।

शिक्षा, यूवा तथा खेलकुद विकास

- नगरपालिकाद्धारा तयार भएको शिक्षा ऐनको पूर्ण कार्यान्वयनका लागि सम्पूर्ण सम्वद्ध पक्षलाई आग्रह गर्दै आधारभुत शिक्षामा बहु कक्षा बहु शिक्षण पद्धतीलाई प्राथमिकता दिईने छ, विद्यालयहरूलाई बालमैत्री, अपाङ्गमैत्री बनाईदै लगिने छ । यसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

- मेलम्ची नगर खुल्ला मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- शैक्षिक गुणस्तरका सूचकहरू तयार गरी सो को आधारमा विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने र सोही आधारमा बजेटको व्यवस्था गर्दै लाने नीति लिईएको छ ।

- नगरका विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा प्राथमिकता दिई आधुनिक पद्धतीबाट पठन पाठनको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- एक विद्यालय एक करेसाबारी स्थापनाको लागि बजेट व्यवस्था गरेको छु ।

- सामुदायिक अध्ययन केन्द्र र नगर सूचना केन्द्र एकीकृत भै संचालन भै आएको नगर सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरी सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

- विद्यालय बाहिर रहेका आर्थिक सामाजिक रूपले पछाडी परेका बालबालिकाहरूका लागि अनौपचारिक शिक्षाको कार्यक्रमलाई निरन्तरता दिएको छु. जसको संचालन व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- शैक्षिक गुणस्तर बृद्धिको लागि समय सापेक्ष शैक्षिक शैक्षणिक क्रियाकलाप संचालन गर्न नगरक्षेत्रका विद्यालयहरूसंग समन्वय गरी आर्थिक सामाजिक विकासमा शिक्षालाई

Scanned with CamScanner

जिम्मेवार पक्ष बनाईने नीति लिईने छ । यि समग्र शिक्षा कार्यक्रम का लागि रू. २ करोड ५० लाख विनियोजन गरेको छु ।

- नगर क्षेत्रको खेलकुद विकासको लागि खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाउन नगर क्षेत्रका युवाहरू र क्रियाशील क्लवहरू संग समन्वय गरी खेलकुदका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

- सार्वजनिक जग्गा संरक्षणको तथा भवन संहिता सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाईनेछ, यस कार्यको लागि रकम रू २५ लाख विनियोजन गरेको छु ।

- व्यवसायिक कृषकले पशुपंक्षि पालन व्यवसाय गर्दा सहुलियत कर्जाको लागि वित्तीय संस्थासंग आवश्यक समन्वय गर्नेछ । र सो वापत व्यवसायिक कृषकहरूले लिएको ऋणको निश्चित प्रतिशत ब्याज नगरपालिकाको तर्फबाट व्यहोरिनेछ जसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

- राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुरूप सहयोग गर्ने व्यवस्था गरेको छु । पत्रकारीता क्षेत्रको प्रवर्द्धन एवम् विकासको लागि संचार संग सम्बद्ध निकायहरूसंग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- मेलम्ची नगरपालिकाको पर्यटन विकास तथा प्रर्वद्धनको लागी स्थापना भएको कोष वृद्धि तथा धुसेनी, धौले, गुफा चाँखु, हैवुङ्ग, भोटेचौर, थकनी लगायतका स्थानमा पर्यटन विकासको लागि पर्यटन विकास गुरूयोजनाको आधारमा पिकनिक स्थल, पार्क, होम स्टे, भ्यु टावर, पदमार्ग लगायतको व्यवस्थापन गर्ने नीति बमोजिम रकम रू १ करोड ५० लाख विनियोजन गरेको छु ।

- कला, साहित्य, संस्कृति, मठ,मन्दिर र गुम्वाको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनको कार्यका लाई निरन्तरता दिइने छ, जसका लागि संस्कृति प्रर्वद्धनात्मक कार्यक्रम (संग्रहालय निर्माण तथा व्यवस्थापन) शीर्षकमा रू २० लाख रकम विनियोजन गरेको छु ।

- निमार्णाधिन मेलम्ची सिटी पार्क, फटकशिला खानेपानी, बसपार्क, नगरपालिका भवनको पूर्वाधार विकास, मेलम्ची नगरपालिका सडक लगायतका क्रमागत योजना तथा कार्यक्रमको लागि रू ८ करोड ५ लाख बजेट विनियोजन गरेको छु ।

- नगर चक्रपथको ट्रयाक जोडने, वडा कार्यालयसम्मको सडक विस्तार र सडकको स्तरोन्नती गर्न नगर समग्र सडक शीर्षकमा रू. ३ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।

Scanned with CamScanner

- वन तथा वातावरण तथा फोहरमैला व्यवस्थापनको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ जसको लागि रू. १ करोड बजेट विनियोजन गरेको छु ।

- वस्तीस्तरबाट छनौट भैं आएका ,वडा समितिको प्रथमिकताका अनुसूचीमा उल्लेखित कार्यक्रहरूका लागि रू ७ करोड ८० लाख विनियोजित गरेको छु ।

- भौतिक पुर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चितताको लागि सुपरीवेक्षण तथा अनुगमन निरीक्षण कार्यलाई नियमित बनाई प्रभावकारी रूपमा अगाडि वढाईनेछ । त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु,

- नगरको समग्र विकासमा सार्वजानिक निजी साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने नीति लिइएको छ । संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र उपभोक्तासंग साझेदारी कार्यक्रम तथा समपुरक कार्यक्रम संचालन गर्नका लागि रू ४ करोड विनियोजित गरेको छु ।

- मेलम्ची-५, सिन्धुकोट तथा खड्काथोक दलित वस्ती मेलम्ची-९ को समस्या न्यूनिकरणका लागि खानेपानी आयोजना संचालन गरी यथासक्य छिटो खानेपानीको व्यवस्थापन गरिनेछ यसका लागि रू ४८ लाख २० हजार रकम विनियोजन गरेको छु ।

- निर्माणाधिन नगरपालिकाको भवन तथा शहरी विकास योजनाहरू आ.व.०७६।०७७ मा सम्पन्न गरिनेछ, जसका लागि रू ४ करोड विनियोजन गरेको छु ।

- सिंचाई सम्बन्धी समस्या न्यूनीकरण गरी कृषि उत्पादन बढाउन प्राविधिकहरूको प्रतिवेदन तयार गरी सिंचाई विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ जसको लागि रकम रू १ करोड विनियोजन गरेको छु ।

- नगर भित्र संचालनमा रहेका सहकारीहरूको वृद्धि विकासको लागि नगर सहकारी ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम नियमन तथा व्यवस्थापन गरिनेछ जसको लागि १० लाख रूपैया विनियोजन गरेको छु ।

- भौतिक पूर्वाधार विकास तथा विविध सार्वजनिक निर्माणको कार्य आवश्कताको आधारमा संचालन गरिनेछ जसको लागि रू १ करोड ९२ लाख विनियोजन गरेको छु ।

- महिला, समावेशी वर्गको उत्थानका जीविकोपार्जन तथा सिपविकास सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ, जसको लागि रू १ करोड ५० लाख विनियोजन गरेको छु ।

Scanned with CamScanner

- वडाको विकास र कार्यालय संचालन, व्यवस्थापन तथा सेवाग्राहीहरूलाई सेवा प्रवाहमा गुनासो रहीत वडा कार्यालयलाई कार्यसम्पादन मूल्याङ्कनको सूचाङ्क तयार गरी सूचाङ्कको आधारमा उत्कृष्ट वडालाई प्रोत्साहन गर्ने नीति लिइनेछ । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

योजना तथा कार्यक्रम कार्यान्वयन तथा सञ्चालन रणनीतिहरू :

आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको रणनीति अवलम्बन गरिनेछ ।

- आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणलाई थप प्रभावकारी बनाउने ।
- राजश्वका क्षेत्रहरूको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरूको सहकार्यमा जोड दिने ।
- ठूला योजनाहरूको सम्भाव्यता अध्ययन एवम् डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरूको सेवा लिने ।
- समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालनमा जोड दिने
- लक्षित तथा विशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरूको सहकार्य र साझेदारीमा जोड दिने ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा जोड दिने ।

अन्त्यमा ,

श्रद्धेय सभा अध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरू, पत्रकार मित्रहरू तथा दर्शक दिर्घामा रहुनभएका महानुभावहरू,

प्रस्तुत बजेटको सफल कार्यान्वयनबाट मेलम्ची नगरपालिकाको समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक वृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरूमा धन्यवाद दिन चाहन्छु । बजेट नीति तथा कार्यक्रमहरूका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सदस्यज्यूहरूको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एंव पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुऱ्याउनु हुने सम्पूर्ण विषयगत समितिका पदाधिकारीहरू, राजनीतिक दलहरू, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी व्यवसायी, वृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरू प्रति हार्दिक

Scanned with CamScanner

आभार व्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता सो को सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरू, राजनैतिक दल, नागरिक समाज, सरकारी एंव गैर सरकारी संस्थाहरू, कर्मचारी वर्ग एंव आम नगरवासीको संयुक्त प्रयास आवश्यक हुन्छ । सदा झै नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एंव विश्वास लिएको छु ।

नमस्कार ! धन्यवाद !

Scanned with CamScanner

अनुसूची-१

स्थानीय सरकार

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

३ नम्बर प्रदेश, नेपाल

स्थापना : २०७३

आ.व. २०७६।०७७ आय व्ययको विवरण

रू. हजारमा

शीर्षक		आ.व. ०७५।०७६ को संसोधित अनुमान	आ.व. ०७६।०७७ को अनुमानित
आय			
आय	राजस्व	३३२५१७।३४३	३५४५६०।६८२
	आन्तरिक राजस्व	२२३८४३।८००	२५२२१०।६८२
	राजस्व बाँडफाँड (जिसस मौज्दात कोष)	६३०००।०००	४०५००।०००
	अ. ल्या.	३७१७३।५४३	५२५००।०००
	प्रभावित क्षेत्र विकास	८५००।०००	९३५०।०००
	अन्तर सरकारी वित्तीय हन्तान्तरण :		
	नेपाल सरकारबाट प्राप्त :	६२१०५५।०००	७१९५००।०००
	वित्तीय समानीकरण	२०६१०८।०००	१९९४००।०००
	शर्शत अनुदान	२३४८००।०००	२७५५००।०००
	राजस्व बाँडफाँड	९०१४७।०००	१०९६००।०००
	सामाजकि सुरक्षा	९०००।०००	१३५०००।०००
	एल जि सि डि पी	०।०००	०।०००
	प्रदेश सरकारबाट प्राप्त :	४७२६९।०००	६०२२०।०००
	वित्तीय समानीकरण	८५९९।०००	१०६१४।०००
	राजस्व बाँडफाँड		३९६०६।०००
	शर्शत अनुदान	३८६७०।०००	१०००।०००
	जनसहभागिता :	०।०००	
	नगद सहभागिता	०।०००	
	श्रम तथा वस्तुगत सहायता	०।०००	
	अन्य आय :	७९२७८१।०००	१४२२७८।५९०
	सडक बोर्ड नेपाल	३५००।०००	
	संघ संस्थाका स्वीकृत कार्यक्रम	७८९२८१।०००	१४२२७८।५९०
	जम्मा आय :	१७९३६२२।३४३	१२७६५५९।२७२
व्यय			
	चालु खर्च	४२६७१२।०००	५३५५००।०००
	वित्तीय समानीकरण	५४११२।०००	६०००।०००
	शर्शत अनुदान	२३४८००।०००	२७५५००।०००
	सामाजकि सुरक्षा	९०००।०००	१३५०००।०००
	आन्तरिक	४७८००।०००	६५०००।०००
	एल जि सि डि पी	०।०००	०।०००

Scanned with CamScanner

व्यय			
	पुँजिगत खर्च तर्फ :	१३६६९१०।३४३	५४८९३०।६८२
	संघीय वित्तीय समानीकरण	२४२१४३।०००	१३९४००।०००
	प्रदेश वित्तीय समानीकरण	८५९९।०००	१०६१४।०००
	प्रदेश शशर्त	३८६७०।०००	१०००।०००
	संघीय राजस्व वाँडफाँड		१०९६००।०००
	प्रदेश राजस्व वाँडफाँड		३९६०६।०००
	अन्तरिक पुँजिगत	२८४७१७।३४३	२३९७१०।६८२
	अन्य खर्च तर्फ		१९२१२८।५९०
	सडक बोर्ड नेपाल	३५००।०००	०।०००
	जिसस मौज्दात कोषबाट प्राप्त		४०५००।०००
	प्रभावित क्षेत्र विकास		९३५०।०००
	संघसंस्थाका स्वीकृत कार्यक्रम	७८९२८१।०००	१४२२७८।५९०
	जम्मा व्यय	१७९३६२२।३४३	१२७६५५९।२७२
बजेट बचत (+)/न्यून(-)			

वित्तीय व्यवस्था			
	खुद ऋण लगानी		
	ऋण लगानी (-)		
	ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+)		
	खुद शेयर लगानी		
	शेयर लगानी (-)		
	शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+)		
	खुद ऋण प्राप्ती		
	ऋणको सावाँ भुक्तानी (-)		
	ऋण प्राप्ती (+)		
अन्तिम बजेट बचत (+)/न्यून(-)			

Scanned with CamScanner

अनुसूची-२

स्थानीय सरकार

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

३ नम्बर प्रदेश, नेपाल

स्थापना : २०७३

राजस्व तथा अनुदान प्राप्तिको अनुमान

रू मा

शीर्षक	आ.व. ०७५।०७६ को संसोधित अनुमान	आ.व. ०७६।०७७ को अनुमानित
राजस्व :		
आन्तरिक राजस्व :		
१ सम्पत्ती कर	५०००००।००	५५०००००।००
२ घरबहाल कर	२०००००।००	४५०००००।००
३ घरजग्गा रजिष्ट्रेशन शुल्क	०।००	०।००
४ सेवा शुल्क	४२८५०००।००	४०००००।००
५ दस्तुर	२५०००००।००	२७५०००।००
६ पर्यटन शुल्क	०।००	०।००
७ विज्ञापन कर	१०००००।००	११०००।००
८ व्यवसाय कर	१३०००००।००	१४३०००।००
९ भुमिकर	१५०००००।००	१६५०००।००
१० दण्ड जरिवाना	५०००००।००	१०००००।००
११ मनोरञ्जन कर	०।००	०।००
१२ बहाल बिटौरी घर जग्गा कर	५०००००।००	३०००००।००
१३ मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाख, छालामा कर	०।००	०।००
१४ प्राकृतिक श्रोत साधन व्यवसायिक कर (ढुङ्गा, गिट्टी, वालुवा)	२८९८२३०।००	२४८४०००।००
१५ बातावरणीय शुल्क		९०००।००
१६ शेयर लगानीबाट प्राप्त लाभांश तथा पुजिगत लाभ आय	०।००	०।००
१७ ऋण लगानीबाट प्राप्त ब्याज आय	०।००	०।००
१८ जिसस मौज्दात कोष संचालन		४०५०००।००
१९ अन्य आम्दानी		८८२३०६८।००
२० प्रभावित क्षेत्र विकास अर्न्तगत ऋशरबाट प्राप्त हुने आय	८५०००।००	९३५०००।००
राजस्व बाँडफाँड :		
१ राजस्व बाँडफाँड संघीय (+)	६३०००००।००	१०९६०००।००
२ राजस्व बाँडफाँड प्रदेश (+)		३९६०६०।००
३ राजस्व बाँडफाँड हस्तान्तरण (-)	(११५९२९२।००)	(९९३६०००।००
अन्तर सरकारी वित्तीय हस्तान्तरण :		
नेपाल सरकारबाट प्राप्त अनुदान :		
१ वित्तीय समानीकरण अनुदान	२९६२५५०।००	१९९४०००।००
२ शशर्त अनुदान	२३४८०००।००	२७५५०००।००
३ समपुरक अनुदान	०।००	०।००
४ विशेष अनुदान	०।००	०।००
५ सामाजिक सुरक्षा अनुदान	९०००००।००	१३५०००।००
६ एल जि सि डि पि	०।००	०।००
प्रदेश सरकारबाट प्राप्त अनुदान :		
१ वित्तीय समानीकरण अनुदान	८५९९०।००	१०६९४०।००
२ शशर्त अनुदान	३८६७०००।००	१०००००।००
३ समपुरक अनुदान	०।००	०।००
४ विशेष अनुदान	०।००	०।००
अन्य स्थानीय तहबाट प्राप्त अनुदान :		
१ शशर्त अनुदान	०।००	०।००
२ समपुरक अनुदान	०।००	०।००
३ विशेष अनुदान	०।००	०।००
जनसहभागिता तथा अन्यः		
१ नगद सहभागिता	०।००	०।००
२ श्रम तथा वस्तुगत सहायता	०।००	०।००
३ बेरूजु असुली	०।००	०।००
४ गत बर्षको मोज्दात	०।००	५२५०००।००
५ सडक बोर्ड	०।००	०।००
जम्मा नगरपालिका तर्फको आम्दानी	९६३६६७८।००	११३४२८०६८।००
विविध तथा संस्थागत कार्यक्रम		
१ संघसंस्थाका कार्यक्रम	७८९२८१०।००	१४२२७८५९।००
जम्मा :	१७५२९४८८।००	१२७६५५९२७।००

Scanned with CamScanner

अनुसूची-३

स्थानीय सरकार

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

३ नम्बर प्रदेश, नेपाल

स्थापना : २०७३

आ.व. २०७६।०७७ व्यय अनुमान

शीर्षक	आ.व. ०७६।०७७ को प्रस्तावित अनुमान	अन्तर सरकारी वित्तीय हस्तान्तरण							ऋण	जनसहभागिता	कैफियत
		नेपाल सरकार			प्रदेश सरकार			स्थानीय तह			
		समानीकरण	राजस्व बाँडफाँड	शशर्त	समानीकरण	राजस्व बाँडफाँड	शशर्त				
चालु खर्च											
१ पारिश्रमिक कर्मचारी	४४५००००००	३०८००००००	०।००	०।००	०।००	०।००	०।००	१३७५००००००	०।००	०।००	
२ पदाधिकारी सुविधा	१०००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	१०००००००	०।००	०।००	
३ महगी भत्ता	१५००००००	८००००००	०।००	०।००	०।००	०।००	०।००	७००००००	०।००	०।००	
४ स्थानीय भत्ता	८००००००	६००००००	०।००	०।००	०।००	०।००	०।००	२००००००	०।००	०।००	
५ बैदेशिक भत्ता	७००००००	२००००००	०।००	०।००	०।००	०।००	०।००	५००००००	०।००	०।००	
६ बैठक भत्ता	३००००००	३००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
७ पोशाक भत्ता	९००००००	५००००००	०।००	०।००	०।००	०।००	०।००	४००००००	०।००	०।००	
८ पोशाक भत्ता पदाधिकारी	७००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	७००००००	०।००	०।००	
९ कार्यक्रम भ्रमण खर्च कर्मचारी	१०००००००	१०००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
१० कार्यक्रम भ्रमण खर्च पदाधिकारी	१०००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	१०००००००	०।००	०।००	
११ पदाधिकारी अन्य सुविधा	२०००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	२०००००००	०।००	०।००	
१२ पानी/बत्ती	३००००००	३००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
१३ संचार कार्यालय	४००००००	४००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
१४ संचार पदाधिकारी	४००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	४००००००	०।००	०।००	
१५ घरभाडा	२५००००००	२००००००	०।००	०।००	०।००	०।००	०।००	५००००००	०।००	०।००	
१६ अन्य भाडा	५००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	५००००००	०।००	०।००	
१७ ईन्धन कार्यालय	११००००००	११००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
१८ ईन्धन पदाधिकारी	११००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	११००००००	०।००	०।००	
१९ ईन्धन अन्य	२०००००००	२०००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
२० मर्मत सवारी साधन	२६००००००	१२००००००	०।००	०।००	०।००	०।००	०।००	१४००००००	०।००	०।००	
२१ निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार	४००००००	४००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
२२ मेसिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च	५००००००	५००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
२३ बिमा/नविकरण	५००००००	५००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
२४ पुस्तक तथा सामग्री	३००००००	३००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
२५ छपाई, पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च	१५००००००	१०००००००	०।००	०।००	०।००	०।००	०।००	५००००००	०।००	०।००	
२६ अतिथि सत्कार/चियापान	८००००००	८००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
२७ बिबिध खर्च	१०००००००	५००००००	०।००	०।००	०।००	०।००	०।००	५००००००	०।००	०।००	
२८ सेवा र परामर्श	६००००००	६००००००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	

Scanned with CamScanner

शीर्षक		आ.व. ०७६।०७७ को प्रस्तावित अनुमान	अन्तर सरकारी वित्तीय हस्तान्तरण							ऋण	जनसहभागिता	कैफियत
			नेपाल सरकार			प्रदेश सरकार			स्थानीय तह			
			समानीकरण	राजस्व बाँडफाँड	शशर्त	समानीकरण	राजस्व बाँडफाँड	शशर्त				
२९	अनुगमन मुल्याङ्कन	६०००००।००	४०००००।००	०।००	०।००	०।००	०।००	०।००	२०००००।००	०।००	०।००	
३०	पुरस्कार सम्मान तथा प्रोत्साहन खर्च	२०००००।००	२०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
३१	नगर सभा खर्च	१५०००००।००	१५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
३२	कर्मचारी कल्याणकारी कोष	२०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	२०००००।००	०।००	०।००	
३३	कार्यालय सामाग्री	६०००००।००	४५०००००।००	०।००	०।००	०।००	०।००	०।००	१५०००००।००	०।००	०।००	
३४	अन्य कार्यालय सामाग्री खर्च	१०००००।००	७०००००।००	०।००	०।००	०।००	०।००	०।००	३०००००।००	०।००	०।००	
३५	करार सेवा खर्च	६०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	६०००००।००	०।००	०।००	
३६	सरसफाई सेवा खर्च	१६०००००।००	१६०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
३७	सूचना प्रविधि तथा सफ्टवेयर संचालन तथा नबीकरण	१०००००।००	७०००००।००	०।००	०।००	०।००	०।००	०।००	३०००००।००	०।००	०।००	
३८	कार्यक्रम खर्च तर्फ	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	नगर सुरक्षा कार्यक्रम खर्च	१०००००।००	२०००००।००	०।००	०।००	०।००	०।००	०।००	८०००००।००	०।००	०।००	
	टोलटालमा मेयर कार्यक्रम खर्च	५०००००।००	५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	बजार अनुगमन तथा राजस्व परिचालन	७५०००।००	७५०००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	न्यायिक समिति संचालन तथा व्यवस्थापन	५०००००।००	५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	उपभोक्ता हित संरक्षण कार्यक्रम खर्च	७०००००।००	७०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	कर्मचारी/पदाधिकारी क्षमता विकास कार्यक्रम खर्च	५०००००।००	५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	सामुदायिक मेलमिलाप केन्द्र संचालन खर्च	४०००००।००	४०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	नगर सूचना केन्द्र संचालन खर्च	१५०००००।००	१५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	
	प्रजनन (पाठेघर) स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम	५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	५०००००।००	०।००	०।००	
	वडा कार्यालय संचालन तथा व्यवस्थापन	४६८०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	४६८०००००।००	०।००	०।००	
	आफ्नो गाउँ आफैं बनाउ कार्यक्रम (सुचकमा आधारित)	२३७०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	२३७०००००।००	०।००	०।००	
	सार्वजनिक जग्गा संरक्षण तथा भवन संहिता सम्बन्धी कार्यक्रम संचालन	२५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	२५०००००।००			
	सस्कृति प्रर्वद्धनात्मक कार्यक्रम (संग्रहालय निर्माण तथा व्यवस्थापन)	२०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	२०००००।००	०।००	०।००	
	अनौपचारिक शिक्षा तथा विद्यालय बाहिरका विद्यार्थी विशेष कार्यक्रम संचालन खर्च	५०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	५०००००।००	०।००	०।००	
	टोल विकास संस्था संचालन/अनुशिक्षण/प्रोत्साहन खर्च	२६०००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	२६०००००।००	०।००	०।००	
	परियोजना तथा कार्यक्रम संचालन खर्च	१०००००००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	१०००००००।००			
	चाल खर्च (क) जम्मा	१२५०००००००।००	६०००००००।००	०।००	०।००	०।००	०।००	०।००	६५०००००००।००	०।००	०।००	०।००

Scanned with CamScanner

शीर्षक	आ.व. ०७६।०७७ को प्रस्तावित अनुमान	अन्तर सरकारी वित्तीय हस्तान्तरण							ऋण	जनसहभागिता	कैफियत
		नेपाल सरकार			प्रदेश सरकार			स्थानीय तह			
		समानीकरण	राजस्व बाँडफाँड	शर्शत	समानीकरण	राजस्व बाँडफाँड	शर्शत				
पुँजिगत खर्च											
शीर्षक	**आ.व. ०७६।०७७ को प्रस्तावित अनुमान**	**अन्तर सरकारी वित्तीय हस्तान्तरण**							**ऋण**	**जनसहभागिता**	**कैफियत**
		नेपाल सरकार			**प्रदेश सरकार**			**स्थानीय तह**			
		समानीकरण	**राजस्व बाँडफाँड**	**शर्शत**	**समानीकरण**	**राजस्व बाँडफाँड**	**शर्शत**				
१।०० शिक्षा, युवा तथा खेलकुद	२५०००००।००				१०००००।००	४०००००।००		२०००००।००			
१।१० शिक्षा, युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम	४०००००००।००	४०००००००।००									
२।०० कृषि	३०००००००।००		३०००००००।००								
३।०० स्वास्थ्य र आर्युवेद	१५०००००००।००							१५०००००।००			
४।०० पर्यटन विकास	१०००००००।००	१०००००००।००									
५।०० पशु सेवा	१०००००००।००		१०००००००।००								
६।०० वन, वातावरण तथा फोहरमैला व्यवस्थापन	१५०००००।००		१५०००००।००								
७।०० विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्यक्रम	४०००००।००										
८।०० खानेपानी तथा सरसफाई	१०००००।००				४०००००।००						
८।१० सिन्धुकोट खानेपानी	५०००००।००				५०००००।००						
८।२० फटकशिला खानेपानी	४०००००।००							५०००००।००			
८।३० खड्काथोक दलितबस्ती खानेपानी	१०००००।००							८२०६८२।००			
९।०० सडक	८२०६८२।००										
९।१० भन्ज्याङ खाल्डे सडक स्तारोन्नती	४०००००।००										
९।२० जिरोकिलो सोताखोला सडक स्तरोन्नती वडा नं २	५०००००।००										
९।३० दहपोखरी पाटी भन्ज्याङ सडक स्तरोन्नती वडा नं ३	४०००००।००							४०००००।००			
९।४० पाटी भन्ज्याङ थाना भन्ज्याङ सडक स्तरोन्नती वडा नं ४	३०००००।००							५०००००।००			
९।५० वडा नं ६ सडक ग्राभेल तथा नाली व्यवस्थापन	३०००००।००							४०००००।००			
९।६० बाहुनेपाटी थाक्ले (पिपलचौर थाक्ले खण्ड) सडक स्तरोन्नती	२०००००।००							३०००००।००			
९।७० ढकालखहरे ढकालथोक सडक (जिरो देखी स्कूलसम्म नाली/ग्राभेल)	१५०००००।००							३०००००।००			
९।८० ढकालखहरे ठाँटी सडक (ग्राभेल, नाली/सोलिङ्)	५०००००।००							२०००००।००			
९।९० धुसेनी मानेभन्ज्याङ सडक वडा ११ र ६	४०००००।००							१५०००००।००			
९।१० वडा नं १० नगरचक्रपथ	४०००००।००							५०००००।००			
९।११ मेलम्ची वडा नं ६ वडा कार्यालय सडक नाली तथा ग्रावेल	४०००००।००							४०००००।००			
९।१२ वडा नं ८ सडक स्तरोन्नती	४०००००।००				४०००००।००						
१०।०० वडा नं ७ खेलमैदान, सिंचाई तथा खानेपानी	४०००००।००				४०००००।००						
११।०० सिंचाई	४०००००।००				४०००००।००						
११।१० ठुलोकुलो डाढागाँउ भन्ज्याङ सिंचाई कुलो	९०००००।००	९०००००।००			४०००००।००						
१२।०० भवन तथा शहरी विकास	१०००००।००	१०००००।००									
१३।०० मेलम्ची बसपार्क निर्माण	४०००००००।००		४०००००००।००								
१४।०० अस्पाताल निर्माणका लागि जग्गा खरिद	१०००००००।००							१०००००००।००			
१५।०० मेलम्ची सिटी पार्क	१०००००००।००							१०००००००।००			
१६।०० वडा कार्यालयहरू निर्माण	१०००००००।००							१०००००००।००			
१७।०० उद्योग प्रवर्द्धन	१०००००००।००							१०००००००।००			
१८।०० साझेदारी कार्यक्रम	५०००००।००							५०००००।००			
१९।०० समपुरक कोष अन्तर्गतका कार्यक्रम	१०००००।००							१०००००।००			
२०।०० क्रमागत योजना तथा कार्यक्रम/अ.ल्या	३०००००००।००							३०००००००।००			
२१।०० वडा नं २ र ८ को स्वास्थ्यचौकी निर्माण न.पा. साझेदारी	८७५०००००।००		१४६०००००।००					६५९०००००।००			
२२।०० फर्निचर, फिक्चर्स तथा मेसिनरी औजार प्रशासनीक भवन	२०००००।००							२०००००।००			
२३।०० सफ्टवेयर जडान तथा बैद्धिक सम्पत्ती प्राप्ती	२५०००००।००				२५०००००।००						
	१५०००००।००				१५०००००।००						

Scanned with CamScanner

शीर्षक		आ.व. ०७८।०७७ को प्रस्तावित अनुमान	अन्तर सरकारी वित्तीय हस्तान्तरण							ऋण	अनुदान	वैकल्पिक
			नेपाल सरकार			प्रदेश सरकार			स्थानीय तह			
			समानीकरण	राजस्व बाँडफाँड	शर्त	समानीकरण	राजस्व बाँडफाँड	शर्त				
२४।००	विविध सार्वजनिक निर्माण	१९२१०००।००					२२०००।००		१८९९०००।००			
२५।००	सूचना, संचार तथा विविध प्रवर्द्धनात्मक कार्यक्रम	१४०००००।००	१४०००००।००									
२६।००	सहकारी तथा समावेशी कार्यक्रम	०।००										
२६।१०	सहकारी शाखाका कार्यक्रम	१०००००।००				६१४०००।००	३८६०००।००					
२६।२०	लक्षित, उपेक्षित तथा समावेशी कार्यक्रम	१५०००००।००					१५०००००।००					
२७।००	बढागत सार्वजनिक निर्माण सुधार कार्यक्रम	७८०००००।००	७८०००००।००									
२८।००	प्रभावित क्षेत्र विकास कार्यक्रम	९३५०००।००							९३५०००।००			
२९।००	शशर्त अनुदान संघीय कार्यक्रम विषयगत शाखाका कार्यक्रम	२७४५०००००।००			२७४५०००००।००							
३०।००	शशर्त अनुदान संघीय सामाजिक सुरक्षा	१३५०००००।००			९०००००००।००							
३१।००	शशर्त अनुदान प्रदेश कार्यक्रम	१०००००००।००						१०००००००।००				
	पुजिगत खर्च (ख) जम्मा	९६८७८०६८२।००	१३९४०००००।००	१०९६०००००।००	३६५५०००००।००	१०६१४०००।००	३९६०६०००।००	१०००००००।००	२४९०६०६८२।००	०।००		
	अन्य अनुदान तथा श्रोत											
१	जिसस मौज्दात कोष बाडँफाडबाट प्राप्त	४०५०००००।००										
	जम्मा (ग)	४०५०००००।००										
	कुल जम्मा बजेट (क), (ख) र (ग)	११३४२८०६८२।००										

Scanned with CamScanner

अनुसूची-४

स्थानीय सरकार

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

३ नम्बर प्रदेश, नेपाल

स्थापना : २०७३

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण

आय		व्यय	
शीर्षक	रकम	शीर्षक	रकम
संघ समानीकरण अनुदान	१९९४०००००।००	चालु प्रकृति	
संघ सशर्त अनुदान	२७५५०००००।००	वित्तीय समानीकरण संघ	६०००००००।००
संघ राजस्व बाँडफाँड	१०९६०००००।००	आन्तरिक श्रोत	६५००००००।००
सशर्त अनुदान सा.सु	१३५०००००।००	सशर्त अनुदान	२७५५०००००।००
प्रदेश वि.समानीकरण	१०६१४०००।००	सशर्त सामाजिक सुरक्षा	१३५०००००।००
		चालु प्रकृतिको जम्मा	५३५५०००००।००
प्रदेश सशर्त अनुदान	१०००००००।००	पुजिगत तर्फ	
प्रदेश राजस्व बाडँफाँड	३९६०६०००।००	सशर्त अनुदान प्रदेश	१०००००००।००
जिसस मौज्दात कोषबाटबाट प्राप्त हुने राजस्व बाडफाँड	४०५००००००।००	वित्तीय समानीकरण संघ	१३९४०००००।००
दहत्तर बहत्तर	१४९०४०००।००	संघ राजस्व बाँडफाँड	१०९६०००००।००
आन्तरिक राजस्व	१०३१७०६८२।००	प्रदेश वि.समानीकरण	१०६१४०००।००
प्रभावित क्षेत्र	९३५०००।००	आन्तरिक श्रोत	२३९७१०६८२।००
अ. ल्या.	५२५०००००।००	प्रदेश राजस्व बाडँफाँड	३९६०६०००।००
		प्रभावित क्षेत्र कार्यक्रम	९३५०००।००
		जिसस मौज्दात कोषबाटबाट प्राप्त हुने राजस्व बाडफाँड	४०५००००००।००
		पुजिगत प्रकृतिको जम्मा	५९८७८०६८२।००
जम्मा	११३४२८०६८२।००	जम्मा	११३४२८०६८२।००

Scanned with CamScanner

"मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार "

आ.व. ०७६/७७ को नीति तथा कार्यक्रम

मेलम्ची नगरपालिकाको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा उपस्थित हुनु भएका आदरणीय उपप्रमुख एवं नगरसभाका सदस्यज्यूहरू,

चौथो नगर सभा सम्पन्न भएको पाँच महिना पूरा भएको छ । यस घडिमा मेलम्ची नगरपालिकाको तर्फबाट यस गरीमामय नगरसभामा उपस्थित भई नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत हुँदै गएका छन् । मुलक संविधान कार्यान्वयनको चरणबाट अघि बढिरहेको छ । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग शुरू भएको छ । यो ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरीमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रूपमा रहने चालु आ.व. ०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । नगरपालिकाले गरेका कार्यहरूमा साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सम्पूर्ण सदस्यहरू, राजनैतिक दल, नागरिक समाज, संचार जगत, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी, सरकारी तथा गैरसरकारी निकायहरू, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू एंव नगरवासी सम्पूर्ण आदरणीय दाजुभाई तथा दिदी-बहिनीहरूमा यस नगरसभा मार्फत हार्दिक आभार प्रकट गर्दछु ।

जनतालाई संघीय शासन व्यवस्थाको प्रत्यक्ष अनुभूति दिलाउने अभिप्रायले नेपालको संविधान, २०७२ ले अङ्गीकार गरेको समाजवाद उन्मुख शासन प्रणालीलाई **"सुखी नेपाली र समृद्ध नेपाल"** को गन्तव्यतर्फ निर्देशित गर्ने गरी संघीय तथा प्रादेशिक कानून, नेपालको संविधान, २०७२ को भावना र स्थानीय सरकार संचालन ऐन, २०७४ ले अख्तियार गरेका काम, कर्तव्य, अधिकार र सिमा भित्र रही अधिकांश ऐन, कानून, नियमावली, कार्यविधि र निर्देशिकाहरू निर्माण गरिएको छ भने केही निर्माणको चरणमा रहेका छन् ।

मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को तेस्रो नगर सभा पश्चात कार्यपालिकाको कार्यविभाजन नियमावली २०७४, कार्यपालिकाको (कार्यसम्पादन) नियमावली २०७४, नगरकार्यपालिकाको निर्णय वा अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) निर्देशिका २०७४, सभा संचालन कार्यविधि, २०७४ बमोजिम नगरपालिकाका कार्यहरूलाई नियमन र व्यवस्थित गरिएको छ । त्यस्तै प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौं नगरसभा सम्पन्न गर्नका लागि स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक समितिहरू : राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी स्रोत अनुमान तथा बजेट निर्माण कार्यलाई व्यवस्थित गरिनुको साथै कार्यसम्पादन नियमावली अन्तरगत कार्यपालिका अन्तर्गत गठित विषयगत समितिहरूलाई नियमितता दिई कार्य संचालन गरिदै आएको छ । मेलम्ची नगरपालिकावाट सार्वजनिक जग्गा संरक्षण समिति गठन गरी नगर

Scanned with CamScanner

भित्रका सार्वजनिक जग्गाहरू छुट्टयाई साँध सिमाना कायम गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यसबाट नगर क्षेत्रको सार्वजनिक जग्गा संरक्षण र प्रवर्द्धन हुने देखिन्छ ।

देशको राजधानी काठमाडौँसँग सिमाना जोडिएको र जलश्रोत, कृषि, पर्यटन, उद्योग र जलाधार विकासको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरको श्रोत एवं साधनको सु-व्यवस्थित उपयोगले नगरवासीको सम्वृद्धि र जीवनमा सकारात्मक परिवर्तन र नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो पाँचौं नगरसभा सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रदेश ऐन अनुसार नगर सभाबाट सुशासन समिति, लेखा समिति र विधेयक समिति गठन भएको छ भने नगरका कार्यहरूलाई व्यवस्थित गर्न सार्वजनिक जग्गा संरक्षण समिति, उद्योग विकास समिति, पर्यटन प्रवर्द्धन समिति गठन भएको छ । नगर चक्रपथको संभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ । नगरको विकासलाई दीर्घकालीन सोच अनुरूप दिगो र व्यवस्थित बनाउँन एकिकृत नगर विकास गुरूयोजना निर्माणको अन्तिम प्रतिवेदन प्राप्त भएको छ । पर्यटन प्रवर्द्धनको संभाव्यता अध्ययन भएको छ भने नगर क्षेत्र भित्र पर्यटन प्रवर्द्धन गर्न नगरपालिका भित्रको पर्यटन पदमार्गको पहिचान गर्ने कार्य शुरू भएको छ । जिल्ला समन्वय समिति महासंघको आयोजना, जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक र मेलम्ची नगरपालिकाको व्यवस्थापनमा मेलम्ची नगरपालिका वडा नं. ६ स्थित गुफाडाँडामा प्रथम जलवायु सम्मेलनको कार्य सम्पन्न भएको छ । सम्मेलनले स्वीकृत गरेका नीति, कार्ययोजना एवं सुझावहरूको कार्यान्वयनबाट जलवायु अनुकूलनमा सकरात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरू,

अब म मेलम्ची नगरपालिकाबाट आ.व. २०७५/७६ मा सम्पादन भएका प्रमुख कार्यहरूको संक्षिप्त रूपमा प्रकाश पार्न गइरहेको छु ।

योजना निर्माण :

स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधीहरूमा नगरको समग्र विकास निर्माण र आम नागरिक एवं उपभोक्ताको हितप्रति प्रतिवद्ध भई सुशासनको अनुभूति दिलाउने गरी कार्य सम्पादन गर्नुपर्ने जिम्मेवारी आएको छ । सोही जिम्मेवारीलाई मध्यनजर गर्दै मेलम्ची नगरपालिका क्षेत्र भित्रको समग्र विकास निर्माणलाई तिव्र रूपमा संचालन गर्नका लागि योजना तर्जुमाका विभिन्न ७ चरणहरू पार गर्दै सहभागीतामुलक पद्धति अनुसार योजनाहरू तर्जुमा गर्ने प्रणालीको विकास गरिएको छ ।

मेलम्ची नगरपालिकाको चौथो नगर सभाबाट चालु आ.व. २०७५/७६ को लागि नगरपालिका तर्फ रू. १ अर्ब ४३ लाख ४१ हजार ३ सय ४३ रूपैयाँ पैसा ४१ र गैरसरकारी संघसंस्था तर्फ ७८ करोड ६२ लाख ८१ हजार संशोधित बजेट निर्धारण गरिएकोमा उक्त बजेटबाट नगरका विभिन्न योजनाहरू टेण्डर र सम्झौता भई सम्पन्न भैसकेका छन् भने कतिपय योजनाहरू कार्यान्वयनको चरणमा रहेका छन् । नगर क्षेत्र भित्रका नगरस्तरीय योजनाहरूको निर्माण, नगर चक्रपथ निर्माणको थलनी, नगरपालिकाको भवन निर्माण, ग्रिन सिटी पार्कको निर्माण, सबै वडा कार्यालयमा इन्टरनेटको जडान, इविलिङ्ग प्रणालीको व्यवस्थाले वित्तिय सुशासनमा समेत सुधार आएको छ भने नगरको दिर्घकालीन योजना निर्माणको लागि एकिकृत नगरविकास गुरूयोजना निर्माण गरी सोको अन्तिम प्रतिवेदन प्राप्त भएको छ । यस नगरपालिकाले २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट क्षति भएका

Scanned with CamScanner

भौतिक संरचनाहरूको पुनर्निर्माणको कार्य अन्तिम अवस्थामा पुऱ्याएको छ । नगर भित्रका एकिकृत बस्ती विकास लगायत सबै वडाहरूमा जनताको स्थायी आवास पुनर्निर्माण कार्यमा सहयोग पुऱ्याउदै आएको छ ।

कार्यान्वयन :

मेलम्ची नगरपालिकाको चालु आ.व. २०७५/७६ को लागि नगर सभाबाट स्वीकृत भएका धेरै योजनाहरू सम्पन्न भएका छन् भने, केही योजनाहरू टेण्डर प्रक्रिया र उपभोक्ता समिति मार्फत निर्माणको अन्तिम अवस्थामा पुगेका छन् ।

(१) प्रशासनिक व्यवस्थापन :

नगरपालिकाले सिमित श्रोत साधन र कर्मचारीहरूको बाबजुत पनि नगरपालिका र वडा कार्यालयहरूबाट दिइने सेवालाई प्रभावकारी बनाएको छ । नगरपालिका र अन्तर्गतका वडाहरूबाट जनताका गुनासो व्यवस्थापन, विभिन्न प्रकृतिका देवानी मुद्धा तथा उजुरीहरूको न्यायको सिद्धन्तको आधारमा किनारा लागाउने कार्य गरिएको छ । नागरिक वडापत्रको व्यवस्थापन, भूकम्प पीडित लाभग्राहीहरूको अनुदान प्राप्तीको सहज व्यवस्था गरिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृत अन्तरिम संगठनात्मक ढाँचा बमोजिम आवश्यक कर्मचारीहरूको व्यवस्थापन गरिएको छ । यस कार्यालय अन्तर्गत रहेका विषयगत कार्यालयहरू कृषि, पशु विकास, स्वास्थ्य, शिक्षा तथा खेलकुद, महिला तथा बालबालिका र सहकारी शाखाबाट आम नागरिकहरूलाई सहज रूपमा सेवा प्रदान गरिएको छ ।

प्रशासनिक क्षेत्रमा सुशासन कायम गर्नको लागि इलेक्ट्रोनिक हाजिरी प्रणालीको व्यवस्था र कर्मचारी कम्प्युटर क्षमता विकास तालिम संचालन गरिएको छ । नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूको लागि सौर्य ऊर्जा ब्याक अप खरिद गरी जडान गर्ने कार्य गरिएको छ । यसबाट कर्मचारीहरूमा कार्यालय नियमितता, सुशासन, सदाचार र कर्तव्यबोधको भावना सिर्जित भएको छ । यो प्रशासनिक सुधारको महत्वपूर्ण पाटो हो ।

(२) पूर्वाधार निर्माण :

सडक बोर्ड नेपालको साझेदारी, क्रसर उद्योग व्यवसायीसंगको समन्वय तथा सहयोगमा मेलम्ची नगरपालिकाको फट्केश्वर देखि फटकशीला छाप भञ्ज्याङ्गसम्मको सडक र मेलम्ची तिपेनी सडकको ग्राभेल गरी स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ । यसबाट मेलम्ची देखि काठमाडौंसम्मको यातायात सेवामा सहजता आएको छ । नगर चक्रपथको सम्भाव्यता अध्ययन गरी चक्रपथ निर्माण गर्न आवश्यक देखिएकोले यसै आ.व.बाट नगर चक्रपथ निर्माणको कार्य थालनी गरिएको छ । फटकशिला खानेपानी निर्माणको कार्यलाई निरन्तरता दिइएको छ । हालसम्म फटकशिला खानेपानी योजनाको ३५ प्रतिशत कार्य सम्पन्न भैसकेको छ । नगरपालिकाको भवन निर्माणको कार्य अगाडि बढेको छ । मेलम्ची नगरपालिका वडा नं. ५, ७ , ८ र १० का वडा कार्यालयको अस्थायी भवन निर्माण भई हस्तान्तरण समेत भैसकेका छन् । नगरपालिका भित्र स्थायी वडा कार्यालय भवन निर्माणको लागि वडा नं १, २, ५ र १२ को DPR तयारीको कार्य भैरहेको छ । भञ्ज्याङ्ग ठाँटी पँधेराचौर फट्केश्वर सडक, सिन्धुखोल गिरान्चौर खाल्डे सडक, भर्दौरे धुसेनीचौर मानेभञ्ज्याङ्ग नेपाने सडक, सिन्धुकोट चनौटे थाक्ले डडुवा कटुञ्जे मानेभञ्ज्याङ्ग सडक, मेलम्ची ज्यामिरे गुफा सडक, मेलम्ची धुसेनीचौर धौले सडक, तालामाराङ कोलेचौर मानेभञ्ज्याङ्ग सडक, मानेभञ्ज्याङ्ग वतासे ओखेनीचौर सडक र जिरो हैवुङ्ग पाटीभञ्ज्याङ्ग सडकको DPR निर्माण कार्य सम्पन्न भएको छ ।

मेलम्ची बजारको खानेपानी व्यवस्थापन, गुफा चांखु डल्ल्याङ्ग खानेपानी र मेलम्ची नगरपालिका वडा नं. ११ दनुवारटोल लिफ्ट सिंचाईको DPR निर्माण कार्य सम्पन्न भएको छ । त्यसगरी, मेलम्ची बजारको बसपार्क

Scanned with CamScanner

व्यवस्थापनको लागि DPR निर्माण भैरहेको छ भने ईन्द्रावती नदीलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नको लागि चेक ड्याम निर्माणको लागि संभाव्यता अध्ययन भैरहेको छ ।

यस आ.व.मा ईलाका बन कार्यालय देखि मेलम्ची नगरपालिका कार्यालयसम्म कालो पत्रे सडक निर्माणको कार्य भैरहेको छ । नगरपालिका अन्तर्गत मेलम्ची गुफा चांखु सडक चौडा तथा स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ ।

काठको पोल विस्थापित गर्ने नीति अनुसार नगरपालिका अन्तर्गतका वडाहरूमा फलमे विद्युत पोलहरू वितरण गरिएको छ ।

खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अनुसार खेलकुदका क्षेत्रमा नगरपालिकाबाट आवश्यक सहयोग र सहकार्य भएको छ । साथै एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अनुरूप मेलम्ची नगरपालिकाको वडा नं. ४, ७ र ११ मा खेलकुद मैदान निर्माणको थालनी गरिएको छ ।

(३) भवन तथा पुनर्निर्माण :

मेलम्ची नगरपालिकाले बस्ती विकास र भवन निर्माण कार्यलाई व्यवस्थित र सुरक्षित बनाउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा भएको व्यवस्था, भवन ऐन, २०५५, भवन संहिता २०६० र मेलम्ची नगरपालिकाको भवन निर्माण मापदण्ड २०७२ पूर्ण रूपमा लागु गरिएको छ । सोही ऐन र मापदण्ड भित्र रही नगर भित्रका मार्गहरूको क्षेत्राधिकार र खोला खोल्सीको मापदण्ड तोकिएको छ ।

नक्शा पासको प्रक्रिया पूरा गरी र वडाको अनुमतिको आधारमा नगरपालिका भित्र जम्मा ७८०० वटा घरहरू निर्माण सम्पन्न भएका छन् भने ६५% घरहरूको जग निर्माण कार्य सम्पन्न भएको छ ।

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट यस नगरपालिकाका करिव १२५६४ घरधुरी पूर्ण रूपमा क्षति भएकोमा उक्त कार्यको पुनर्निर्माणमा केही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्थाहरूले सहयोग पुऱ्याउदै आएका छन् । मेलम्ची नगरपालिका वडा नं १२ स्थित गिरान्चौरमा मेलम्ची नगरपालिका र तिलगंगा ग्लोवल फेण्स्को सहयोगमा सामुदायिक पुनर्निर्माण पर्यटन प्रवर्द्धन परियोजना समिति मार्फत एकिकृत बस्ती निर्माणको कार्य भइरहेको छ । सोही वडाको नाम्डोलिङ्ग बस्तीमा चौधरी फाउण्डेशनबाट एकिकृत बस्ती निर्माणको कार्य भइरहेको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र मेलम्ची नगरपालिकाको सहयोगमा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित जरायोटार एकिकृत बस्ती निर्माणको कार्य भैरहेको छ । महिला आत्म निर्भरता केन्द्र, अक्सफाम नेपाल र यस नगरपालिकाको समन्वयमा मेलम्ची नगरपालिका वडा नं. १२ स्थित थाक्ले एकिकृत बस्तीको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । मेलम्ची नगरपालिका वडा नं. ६ स्थित उपल्लो गाउँ र वडा नं. ३ स्थित स्याङतान टोलमा स्थानीय समुदायको पहल र नगरपालिकाको सहयोगमा एकिकृत बस्ती निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी मेलम्ची नगरपालिका वडा नं. ३ स्थित बिन्दु बज्जरा टोल र वडा नं. ६ स्थित तालामाराङ सिग्देल टोल एकिकृत बस्ती निर्माणको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्रस्ताव स्वीकृत भई निर्माण कार्य अगाडि बढिरहेको छ । मेलम्ची नगरपालिकाका असहाय र आर्थिक रूपमा विपन्न परिवारको लागि यस नगरपालिकाको समन्वयमा हेल्भेटास नेपाल र केयर नेपाल, सि.एस.आर.सी.को आर्थिक सहयोगमा स्थायी आवास पुनर्निर्माण गर्ने कार्य गरिएको छ ।

Scanned with CamScanner

मेलम्ची नगरपालिकाका १३४२१ लाभग्राहीहरू मध्ये १३२४२ जनालाई भूकम्पपीडित लाभग्राही सम्झौता गरेका छन् । जसमध्ये १३०६३ जना लाभग्राहीहरूले प्रथम किस्ता, १२१८० जना लाभग्राहीहरूले दोश्रो किस्ता र ८८८४ जना लाभग्राहीले अन्तिम किस्ता अनुदान प्राप्त गरेका छन् । भूकम्पमा क्षति भएको गुनासा दर्ता गर्ने कार्य सम्पन्न गरी स्थलगत पुनः निरिक्षणको कार्य भैरहेको छ ।

भूकम्प पश्चातको पुनर्निर्माणलाई तिव्रता दिन नगर कार्यपालिकाको निर्णयबाट पुनः मिति २०७६ असार मसान्तसम्म सबै प्रकारका लोड बेयरिङ्ग घरहरूको नक्सा पास नगरी सम्बन्धित वडाको सिफारिसको आधारमा स्थायी आवास निर्माण गर्न अनुमति प्रदान गरिएको छ । RCC र स्ल्याब ढलानबाट निर्माण हुने घरहरूमा २०७६ असार मसान्तसम्म २५% छुट सहित नक्शा पास गर्ने व्यवस्था गरिएको छ । यसबाट नगरबासीको पुनर्निर्माण कार्यमा राहत पुग्ने विश्वास लिइएको छ ।

(४) पर्यटन विकास :

मेलम्ची नगरपालिका क्षेत्रलाई पर्यटन क्षेत्रको रूपमा विकास गर्नको लागि मेलम्ची नगरपालिका वडा नं. १ को सुरक्षा डाँडा र पाताल गुफा, वडा नं. २ को तपचुली डाँडा, वडा नं. ३ को गुरूङ्गगाउँ चिसापानी, वडा नं. ४ को पाटी भञ्ज्याङ्ग, थानाभञ्ज्याङ्गढी र धौले, वडा नं. ५ को धौले, सुलिकोट, वडा नं. ६ को मानेभञ्ज्याङ्ग सिग्देलटोल एकिकृत वस्ती, वडा नं. ११ को मेलम्ची हुँदै धुसेनीचौर धौले र वडा नं. ९ को चांखु, गुफासम्मको पदमार्ग पहिचान गरी पद मार्ग निर्माण कार्यको थालनी गरिएको छ ।

मेलम्ची नगरपालिका वडा नं. ४ स्थित धौलेश्वरी मन्दिर परिसरमा पोखरी, सार्वजनिक शौचालय र विश्राम स्थल निर्माण र व्यवस्थापनको कार्य युएनडिपी र सिडइसिएफसंगको साझेदारीमा सम्पन्न गरिएको छ । पर्यटन विकासको लागि पर्यटन विकास कोषको स्थापना गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. १, २, ३, ४ र ११ लगायत सुलिकोट, धुसेनीचौर धौले, गुफा चांखु, ओखेनी चौर, ककनी लगायत नगरपालिका भित्रका अन्य संभावित स्थानहरूको एकिकृत पर्यटन विकासका लागि संभाव्यता अध्ययनको कार्य अन्तिम चरणमा पुगेको छ । मेलम्ची नगरपालिका वडा नं. २ स्थित तपचुली भ्यू टावर निर्माणको DPR निर्माण गर्ने कार्य सम्पन्न भएको छ । मेलम्ची नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मेलम्ची ग्रिन सिटी पार्कको DPR निर्माणको कार्य सम्पन्न भएको छ । यसबाट आन्तरिक तथा वाह्य पर्यटनको विकासमा टेवा पुग्नुको साथै नगरको आन्तरिक आम्दानीमा समेत वृद्धि हुन जानेछ ।

मेलम्ची नगरपालिका आसपासमा रहेका छिमेकी गाउँपालिकहरूसंग समन्वय गरी बृहत्तर पर्यटन विकासका कार्यहरू अगाडि बढाउँने लक्ष्यका साथ कार्य भइरहेको छ । पर्यटन प्रवर्द्धनका लागि घर बास (होम स्टे) सम्बन्धी आधारभूत तालिम सम्पन्न गरिएको छ ।

(५) वातावरण संरक्षण, फोहरमैला तथा विपद् व्यवस्थापन :

मेलम्ची नगरपालिकाका बजार क्षेत्रबाट उत्पादन/संकलन भएका फोहरमैलाहरूको उचित व्यवस्थापनको लागि फोहरमैला डम्पिङ्ग साइटको पहिचान गर्ने कार्य भैरहेको छ । फोहरमैला व्यवस्थापनको लागि मेलम्ची नगरपालिका वडा नं. ११ को धिताल बेसी स्थित बगर क्षेत्रमा खाल्डो खनी अस्थायी रूपमा व्यवस्थापन गरिएको छ, साथै उक्त फोहोरलाई व्यवस्थापन गर्नको लागि हाल सेग्रिगेसन सेडको निर्माण कार्य सम्पन्न गरिएको छ भने नगरको

Scanned with CamScanner

फोहरमैलाको दिगो र वातावरणमैत्री रूपमा व्यवस्थापन गर्नको लागि ब्लु वेष्ट टु भ्यालु, काठमाडौंसंग सम्झौता सम्पन्न गरिएको छ ।

विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन अन्तर्गत मेलम्ची नगरपालिका भित्रका जोखिममा रहेका बस्तीको संरक्षणका लागि नगरपालिकाबाट आवश्यक तारजाली खरिद गरी जोखिमयुक्त बस्ती तथा स्थानको लागि सम्बन्धित वडा कार्यालयसंग समन्वय गरी जाली वितरणको कार्य सम्पन्न गरिएको छ भने भविष्यमा तत्काल आइपर्ने जोखिम तथा विपद्लाई मध्यनजर गर्दै तारजालीको मौज्दातको समेत व्यवस्था गरिएको छ । जोखिममा रहेका बस्तीलाई तत्काल तारजाली उपलब्ध गराई जोखिम युक्त बस्तीको संरक्षण कार्य गरिनेछ ।

नगरपालिका क्षेत्रको वातावरण प्रदुषण न्यूनिकरण तथा वातावरण संरक्षण गर्नको लागि यस आ.व.मा मेलम्ची नगरपालिका वडा नं. ५, ६, ८ र ११ मा स्थायी शवदाह स्थल तथा पाटी निर्माणको कार्य सम्पन्न भएको छ भने आवश्यकता अनुसार अन्य स्थानमा निर्माणको थालनी गरिनेछ ।

(६) कृषि तथा पशु विकास :

कृषि विकास तर्फ कृषि विकास कोषको स्थापना गरी संघीय सरकारबाट प्राप्त भएको शशर्त रकमबाट विभिन्न किसिमका कार्यक्रम संचालन मार्फत कृषिमा आधुनिकिरण र व्यवसायी बनाउँन कृषि यन्त्र उपकरण, प्लाष्टिक टनेल, फलफुलको बिरूवाहरू खरिद गरी अनुदानमा वितरण गर्ने कार्य भएको छ । जनताको आर्थिक स्तर वृद्धिको लागि मकै पकेट क्षेत्र, अलैची पकेट क्षेत्र जस्ता उदयमान बालीहरूको पकेट क्षेत्र निर्धारण गरी मकैको बिउ उत्पादनका साथै किवी खेती र कागतीको बिरूवा लगाउनको लागि आवश्यक सहयोग गरिएको छ । पशु सेवा कार्यक्रम तर्फ पशुपालक कृषकहरूलाई तालिमको व्यवस्था गरिनुको साथै जै घाँसको बिउ वितरण गरिएको छ । पशु उपचारको लागि औषधि खरिद गर्ने कार्यका साथै गोठ सुधार गर्ने कार्य गरिएको छ ।

(७) शिक्षा तथा खेलकुद :

शैक्षिक क्षेत्रको विकास र शैक्षिक गुणस्तरता वृद्धि गर्नको लागि मेलम्ची नगरपालिका अन्तर्गतका दलित, जनजाती, विपन्न लगायतका विद्यार्थीहरूलाई लोक सेवा आयोग तयारी कक्षा संचालन गरिएको छ ।

ईन्द्रेश्वरी माध्यामिक विद्यालयमा प्राविधिक धार (सिभिल इन्जिनियरङ्ग) तर्फ कक्षा ११ र १२ सम्मको पठन पाठन शुरूवात गरिएको छ । प्राविधिक शिक्षालाई प्राथमिकता दिने नीति कार्यान्वयनमा जोड दिँदै मेलम्ची नगरपालिका वडा नं. १२ स्थित जालपा देवी माध्यामिक विद्यालयमा तीन वर्षे डिप्लोमा इन एग्रिकल्चर (कृषि) विषयको कक्षा संचालन गर्ने कार्यको शुरूवात गरिएको छ । आधारभूत तहको परीक्षालाई मर्यादित र व्यवस्थित रूपमा नगरस्तरमा संचालन गर्ने कार्य सम्पन्न भएको छ । नगरस्तरीय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी एवं कार्य सम्पादनको आधारमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत समेत गरिएको छ । विद्यालय हाताभित्र स्वच्छ हराभरा र हरियाली वातावरण निर्माणको कार्य अगाडि बढिरहेको छ । विद्यालयको अनुगमन तथा निरिक्षणलाई प्रभावकारी बनाइएको छ । विद्यालयको वित्तिय व्यवस्थापनलाई सुदृढ बनाउँन वित्तिय व्यवस्थापन लगायतका तालिमहरू संचालन गरिएको छ । वित्तिय समानिकरण अन्तर्गत प्राप्त भएका अनुदान तथा छात्रवृत्ति लगायतका कार्यक्रमहरूलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरिएको छ । यस नगरपालिकाको वडा नं. ६ स्थित बतासे मा.वि. तेर्सें माध्यामिक विद्यालयमा आवासीय विद्यालय निर्माण गर्ने कार्यको थालनी गरिएको छ ।

Scanned with CamScanner

मेलम्ची नगरपालिका क्षेत्र भित्रका विद्यालयहरू बीच हाजिरी जवाफ प्रतियोगिता संचालन गर्नुका साथै नगरपालिका अन्तर्गतका केही विद्यालयहरूको भवन निर्माणमा समेत सहयोग गरिएको छ । आवासीय विद्यालयको व्यवस्थापन गर्दै लैजाने नीति अनुसार मेलम्ची नगरपालिका वडा नं. ६ स्थित वतासे माध्यामिक विद्यालयको भवन एवं विद्यालयको छात्रावास निर्माण गर्न कारितास स्वीजरल्याण्डसंग सम्झौता गरिएको छ ।

खेलकुद क्षेत्रको विकासको लागि मेयर कप फुटबल प्रतियोगिता सम्पन्न गरिएको छ भने अन्य खेलकुदका कार्यक्रमहरूलाई आवश्यकता अनुसार सहयोग गर्ने कार्य गरिएको छ ।

(८) स्वास्थ्य तथा आयुर्वेद :

संघीय सरकारको निर्णयानुसार स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, आयुर्वेद, महिला तथा बालबालिका लगायतका विषयगत कार्यालयहरू यस नगरपालिकामा समावेश भएको अवस्थामा उल्लेखित कार्यालयहरूको व्यवस्थापन गर्ने कार्य गरिएको छ । एक वडा एक स्वास्थ्य केन्द्रको अवधारण अनुसार विषयगत कार्यालयहरूबाट प्रदान गरिदै आएको सेवामा अझ प्रभावकारी ढंगबाट संचालन गर्नको लागि केन्द्र सरकारबाट प्राप्त भएको शशर्त अनुदान र नगरपालिकाको आन्तरिक आयबाट स्वास्थ्य तर्फ औषधि खरिद गरी नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको छ ।
नगरपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा मेलम्ची नगरपालिका वडा नं. ८ मा स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवाको शुरूवात गरिएको छ भने मेलम्ची नगरपालिका वडा नं. १, २, ३, ४ र ५ का स्थानीय जनताहरूलाई छिटो र प्रभावकारी ढंगबाट एकिकृत सेवा उपलब्ध गराउँने उद्देश्यले मेलम्ची नगरपालिका वडा नं. ४ स्थित पिप्लेमा एकिकृत सेवा केन्द्रको स्थापना गरी संचालनमा ल्याइएको छ । यस सेवा केन्द्रबाट स्थानीय सेवाग्राहीहरूले सेवा उपयोग गरिरहेका छन् ।

आयुर्वेद चिकित्सा पद्धतीको विकास र प्रवर्द्धन गर्नको लागि शिरोधारा कार्यक्रम, योग तथा आयुर्वेद स्वास्थ्य शिविर र विद्यालय स्तरमा जडिबुटीको पहिचान लगायत विभिन्न कार्यक्रमहरू संचालन गरिएको छ ।

(९) महिला तथा बालबालिका :

यस चालु आ.व.मा महिला लक्षित कार्यक्रम संचालन गर्नुका साथै संविधान दिवस, अन्तराष्ट्रिय बाल दिवस, मानव बेचबिखन तथा ओसार पसार विरूद्धको दिवस, ज्येष्ठ नागरिक दिवस, अपाङ्ग दिवस लगायतका दिवसहरू मनाइएको छ । नगरपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा मार्फत अपाङ्ग परिचयपत्र र ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यको थालनी गरिएको छ । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूको सञ्जाल गठन गरिएको छ भने वडास्तरीय बाल सञ्जालको पुर्नगठन गरिएको छ ।

(१०) उद्योग, व्यवसाय तथा राजस्व प्रवर्द्धन :

मेलम्ची नगरपालिका क्षेत्रका बजारलाई व्यवस्थित गर्न र उद्योग व्यवसाय दर्ता गराउन जनचेतना जागृत गराउने उद्देश्यले मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची, तालामाराङ, बाहुनेपाटी, सिन्धुखोला, भोटेचौर, शिखरपुर, काउले दोभान लगायतका बजारहरूको बजार अनुगमन गरी ५५७ भन्दा बढी व्यवसायहरूको अभिलेख लिने कार्य गरिएको

Scanned with CamScanner

छ । बजारमा भएको मूल्य वृद्धि, कार्टेलिङ, नापतौल, उपभोग्य वस्तुको गुणस्तरता लगायतका विषयमा अनुगमन गरि यस्ता क्रियाकलापहरू हुन नदिने तर्फ सचेत गर्ने कार्य गरिएको छ । त्यसैगरी राजस्व अभिवृद्धि गरी नगरलाई समृद्ध बनाउँने उद्देश्य अनुरूप नगर तथा स्थानीय स्तरमा राजस्व सचेतिकरण तथा उपभोक्ता अभिमुखीकरण कार्यक्रमहरू संचालन गरिएको छ । स्थानीय जनताको सेवा र पुहँचलाई ध्यान दिदै सबै किसिमका व्यवसायहरूको दर्ता र नविकरण गर्ने कार्य सम्वन्धित वडा कार्यालयहरूबाटै शुरू गरिएको छ । ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा प्रारम्भिक वातावरणीय परिक्षणको अध्ययन गरी ढुंगा, गिटी, बालुवाको संकलन तथा विक्री, सडक मर्मत संभार र सवारी प्रवेश शुल्क मार्फत ठेक्काद्वारा आन्तरिक आय संकलनको कार्य भैरहेको छ भने आ.व. २०७६/०७७ को लागि ढुंगा, गिटी, बालुवाको संकलन तथा विक्री मार्फत आन्तरिक आय संकलनको ठेक्का प्रक्रिया अन्तिम अवस्थामा पुगेको छ । मेलम्ची नगरपालिका, उपभोक्ता हित संरक्षण मञ्च, घरेलु तथा साना उद्योग विकास समिति, उद्योग वाणिज्य संघ लगायतको संयुक्त पहलमा बजारको अनुगमन, व्यवस्थापन र उपभोक्ता हित सम्वन्धि कार्यक्रमहरू संचालन गरिएको छ ।

(११) सार्वजनिक जग्गा संरक्षण :

नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण गर्ने नीति अनुसार हालसम्म मेलम्ची नगरपालिका वडा नं. ११ स्थित सिम्ला बगर क्षेत्रको ७४ रोपनी ८ आना, गैरा बगर क्षेत्रको २७ रोपनी, वगैंचा क्षेत्रको ७४ रोपनी र मेलम्ची नगरपालिका वडा नं. १२ र १३ का क्रसर उद्योग स्थापना भएको क्षेत्र भित्रका ३३८ रोपनी १३ आना गरी कूल ४८७ रोपनी ५ आना सार्वजनिक जग्गाहरू छुट्टयाउने कार्य सम्पन्न गरिएको छ ।

(१२) आय आर्जन तथा जिविकोपार्जन तर्फ :

मेलम्ची नगरपालिका र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको साझेदारीमा मेलम्ची नगरपालिका वडा नं. १ मा दुग्ध चिस्यान केन्द्र निर्माणको कार्य सम्पन्न भएको छ । वडा नं. २ मा गंगेटार सिस्नेरी सिंचाई कुलो मर्मत, वडा नं. ४ मा सिन्धुखोला सिंचाई कुलो मर्मत, आधुनिक माहुरी पालन व्यवसायको प्रवर्द्धन, मेलम्ची नगरपालिकाको पर्यटकीय स्थल धौलेमा धार्मिक पानी पोखरी निर्माण, वडा नं. ५ मा सिन्धुकोट छाला प्रशोधन केन्द्र भवन निर्माण, वडा नं. ६ मा निग्लेनी खोला डाँडाखेत सिंचाई योजना निर्माण, बतासे माहुरी पालन व्यवस्थापन, च्याउ खेती प्रवर्द्धन कार्यक्रम, वडा नं. ११ स्थित दलित बस्ती खानेपानी मर्मत सुधार कार्यक्रम, लप्सी क्याण्डी तालिम सहयोग र वडा नं. १२ मा श्री नमूना महिला बचत तथा ऋण सहकारी भवन निर्माणका कार्यहरू सम्पन्न भएका छन् । यसरी जनताको आय आर्जन र जिविकोपार्जन मार्फत नगरवासीहरूको आर्थिक समृद्धि प्राप्त गर्नको लागि नगरपालिकाले कार्य गरिरहेको छ ।

(१३) सामाजिक विकास तथा गैर सरकारी संस्था :

नगर भित्रका सहकारीहरूको प्रवर्द्धन र व्यवस्थापन गर्ने उद्देश्यले सहकारी संस्थाका सदस्यहरूलाई सहकारी सम्वन्धी अभिमुखीकरण, विद्युतीय प्रविधिको माध्यमबाट विवरण अद्यावधिक गर्न तालिम कार्यक्रम संचालन गरिएको छ । सामाजिक सुरक्षा भत्ता वितरणमा पारदर्शिता र तथ्याङ्कहरूको अद्यावधिक गर्ने कार्य गरिएको छ । सामाजिक संस्थाहरूले नगर भित्र संचालन गरेका कार्यहरूको समिक्षा गरी त्यस्ता कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी बनाउँन समन्वय गरिएको छ । मेलम्ची नगरपालिका भित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका हेलभेटास नेपाल, कारितास स्वीजरल्याण्ड, केयर नेपाल, अक्सफाम नेपाल, नेपाल रेडक्रस सोसाइटी, जाईका, चाइल्ड नेपाल, महिला आत्मनिर्भरता केन्द्र, सि यस् आर सि, सिडिइसिएफ, रेष्ट नेपाल, रक्षा नेपाल लगायतका गैसंसहरूबाट समेत

Scanned with CamScanner

नगरपालिका अन्तर्गतका पूर्वाधार निर्माण र क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रममा सहयोग भएको छ । मेलम्ची नगरपालिकाले नगरभित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूसंग समन्वय र सहकार्य गरी कार्य गरिरहेको छ । यसरी समृद्ध नगर निर्माणको लागि गैर सरकारी संस्थाहरूको प्रभावकारी भूमिका अझ बढि देखिन्छ ।

(१४) न्यायिक कार्यको सम्पादन :

नेपालको संविधान, २०७२ को धारा २१७ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ मा भएको व्यवस्था बमोजिम न्यायिक समितिको गठन गरी विभिन्न किसिमका झैं-झगडा, अंश मुद्धा, पारिपारिक समस्या लगायत २२ वटा उजुरीहरूमा न्याय सम्पादन गर्ने कार्य गरिएको छ, ४ वटा मुद्धाहरूको फैसला गरिएको छ भने १८ वटा मुद्धाहरूमा सुनुवाई भैरहेको छ । नगरपालिकाबाट सम्पादन हुने न्यायिक कार्यलाई व्यवस्थित, पारदर्शी र मेलमिलापका माध्यमाबाट विवाद समाधान गर्न नगरपालिका अन्तर्गतका १३ वटै वडाहरूमा मेलमिलाप कर्ताहरूको सूची तयार गर्नुका साथै न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । नगरका थप ४१ जना मेलमिलापकर्ताहरूलाई आधारभूत तालिम प्रदान गरिएको छ । यस कार्यबाट वडामा रहेका मेलमिलापकर्ताहरूबाट वडागत वादविवाद, मुद्धा मामिला तथा उजुरीहरूको छिटो छरितो ढङ्गबाट समस्या समाधान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

(१५) सुशासन :

मेलम्ची नगरवासीको गुनासो व्यवस्थापन र सार्वजनिक सुनुवाईको अभियान अन्तर्गत मेलम्ची नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, १० र ११ मा सार्वजनिक सुनुवाईको कार्य सम्पन्न गरिएको छ भने यस्ता कार्यलाई थप प्रभावकारी बनाई सबै वडामा संचालन गरिनेछ । यस नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरूमा नागरिक बडापत्र, उजुरी पेटीका, सूचना बोर्डको स्थापना गर्ने कार्य गरिएको छ ।

(१६) ऐन, कानून तथा नीति निर्माण :

नेपालको संविधान २०७२, ले अंगिकार गरेका सिद्धान्त, नीति र स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाबाट चालु आ.व. २०७५/७६ मा तपशिल बमोजिमका विधेयक, नियम, कार्यविधि तथा निर्देशिकाहरू निर्माण गरिएको छ भने अधिकांश कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छन् ।

तपशिल

१. विनियोजन ऐन, २०७५

२. आर्थिक ऐन, २०७५

३. मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५

४. मेलम्ची नगरपालिकाको बजार अनुगमन ऐन, २०७५

५. मेलम्ची नगरपालिकाको व्यवसाय दर्ता ऐन, २०७५

Scanned with CamScanner

६. सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

७. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५

८. सम्पत्ति कर लगाउने (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

९. कार्यसम्पादन नियमावली, २०७५

१०. मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५

११. न्यायिक समितिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

१२. व्याह हो लोडर संचालन कार्यविधि, २०७५

१३. अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन ऐन, २०७५

१४. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४

१५. मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

१६. "घ" वर्गको निर्माण व्यवसाय इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४

१७. मेलम्ची नगरपालिका कार्यालयमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्न तयार पारिएको कार्यविधि, २०७५

१८. नगर शिक्षा ऐन, २०७५

१९. उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७५

२०. जल उपभोक्ता समिति दर्ता सम्बन्धि कार्यविधि, २०७५

२१. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५

२२. टोल विकास संस्था संचालन कार्यविधि, २०७५

२३. सहकारी नियमावली, २०७६

Scanned with CamScanner

आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम

म आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आदरणीय उप-प्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरू,

आ.व. २०७६/७७ का लागि नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न लिखित नीति तथा आधारहरू अवलम्वन गरिएको व्यहोरा जानकारी गराउँदछु ।

- नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिलक्षित गरेको निर्देशक सिद्धान्त र नीतिहरू ,
- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालयबाट समय-समयमा प्राप्त भएका मार्गदर्शन तथा निर्देशनहरू,
- टोल भेला, वडा जनप्रतिनिधीको प्राथमिकता, विषयगत समिति तथा एकीकृत योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त योजना तथा कार्यक्रमहरू,
- मेलम्ची नगरपालिकाको एकिकृत नगर विकास गुरूयोजना

क्षेत्रगत नीति तथा कार्यक्रमहरू :

१. आर्थिक विकास :

- नेपालको संविधान २०७२ को आधारमा मेलम्ची नगरपालिकाको आर्थिक ऐन निर्माण, संघ तथा प्रदेश सरकारसंग समन्वय तथा सहकार्य, जिल्ला समन्वय समितिसँग समन्वय, स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य र अधिकारको सिमा भित्र रही प्रचलित ऐन कानुन तथा संघीय र प्रदेश सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- "मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार " को मुल लक्ष्यलाई विकास नीतिको रूपमा अवलम्वन गरिनेछ ।
- यस नगरक्षेत्र भित्र बसोबास गर्ने नगरबासीहरूको आर्थिक क्षमता, उत्पादनको अवस्था र अन्य नगरपालिकाहरूले लागु गरेका करका दरको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिनेछ ।
- नगरपालिकाको दीर्घकालीन र क्षेत्रगत विकास गर्न स्थायी प्रकृतिका पर्यटन विकास कोष, कृषि विकास कोष लगायत आवश्यकताका आधारमा अन्य वित्तीय कोषहरू खडा गरी कृषि, पर्यटन, उद्योग र जलःश्रोतको प्रर्वद्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।

Scanned with CamScanner

- नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्ने क्रममा सम्बन्धित निकायबाट स्रोतमा थपघट वा परिमार्जन भएमा सोही बमोजिम गरिनेछ ।
- नगरपालिका र अन्तर्गतका सबै वडा कार्यालयमा सफ्टवेयर जडान गरी आर्थिक कारोवारलाई पारदर्शी एवं व्यवस्थित गरिनेछ । साथै, वडा कार्यालय र नगारपालिका कार्यालय बीच E-Linkage कायम गरिनेछ, ।
- राजस्व संकलन, " भार होइन, नगर समृद्धिको आधार हो" भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान सञ्चालन गरिनेछ ।
- आन्तरिक राजस्व वृद्धि गरी नगरलाई समृद्ध बनाउनको लागि २०७५ श्रावण १ देखि लागु गरिएको सम्पत्ति करलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको आन्तरिक श्रोत र दायराको सम्बन्धमा विज्ञ समूहबाट अध्ययन गराई आन्तरिक राजस्व बढाउने नीति लिइनेछ ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कारदाता मैत्री कर नीति अवलम्वन गरिनेछ ।
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत साधनको सन्तुलित वितरणको खाका तयार गर्ने नीति लिइनेछ ।
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन र स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरू तय गर्ने नीति अवलम्वन गरिनेछ ।
- अर्थतन्त्रका तीन स्तम्भहरू सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिका मार्फत नगरको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरू केन्द्रित गरिनेछ ।
- "आफ्नो गाउँ आफै बनाउँ " विशेष कार्यक्रम लागु गर्ने नीति अवलम्वन गरिनेछ ।
- उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा उद्योग र व्यापारको प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
- उपभोक्ता हित संरक्षण मञ्च, नगर सहकारी संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा स्थानीय जनताको आयआर्जनमा वृद्धि गरी स्वच्छ र प्रतिस्पर्धात्मक बजारको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
- आपूर्ति व्यवस्थालाई सरल, सुलभ र सहज बनाइनेछ । खाद्य तथा गैर खाद्य बजारमा स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्न अनुगमन प्रणाली प्रभावकारी बनाइनेछ ।
- मेलम्ची नगरपालिकाको बाहुनेपाटी क्षेत्रलाई व्यापारिक क्षेत्र र मेलम्ची क्षेत्रलाई प्रशासनीक क्षेत्रको रूपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरको समग्र विकासको लागि संघ, प्रदेश र नगरपालिकासंग सिमाना जोडिएका अन्य नगरपालिका तथा गाउँपालिकाहरूसंग आवश्यक समन्वय र सहकार्य गरी साझेदारी कार्यक्रमहरू संचालन गरिनेछ ।
- निर्माण, उत्पादनमुलक उद्योग र सेवा क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनेछ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सक्रिय रूपमा कार्यान्वयन गरिनेछ ।
- नगरभित्र संचालन हुने विकास निर्माणका काममा संलग्न हुने महिला र पुरूषबीच **"समान कार्यको लागि समान ज्याला"** दिने नीति लिइनेछ ।

Scanned with CamScanner

- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणको लागि आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्था गरिनेछ ।

(क) पर्यटन विकास :

- नगरको पर्यटन बिकासका लागि एकिकृत नगर विकास गुरू योजना (Integrated Master Plan) तयार गर्दा पर्यटन गुरू योजना समेत समावेश गरी तयार गरिएको छ । सो गुरूयोजनाको आधारमा पिक्निक स्पोर्ट, पार्क, होम स्टे, भ्यू टावर लगायतको व्यवस्थापन गर्ने नीति लिइनेछ,
- नगरको पर्यटन विकासको लागि आवश्यकता अनुसार पयर्टन पदमार्गहरूको पहिचान तथा निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पर्यटन विकासका लागि गठित नगरस्तरीय पर्यटन विकास समिति र होमस्टे व्यवस्थापन समितिलाई सवल र सक्षम बनाउँदै समितिको क्षमता विकासमा जोड दिइनेछ ।
- कला, संस्कृति, साहित्य, मठ, मन्दिर र गुम्वाको संरक्षण, संम्वर्द्धन तथा प्रवर्द्धन गर्दै नगरको पर्यटन विकासमा जोड दिइनेछ ।
- पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रशार र पर्यटकीय सेवा सुविधाको विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागि आवश्यकता अनुसार घर बास (होम स्टे) संचालनको नीति लिइनेछ ।
- मेलम्ची नगर क्षेत्रका धुसेनी, धौले, गुफा चाँखु, हैवुङ्ग, भोटेचौर, ककनी, थाना भञ्ज्याङ्गढी, मेलम्ची सिटी पार्क लगायतका पर्यटकीय क्षेत्रहरूको विकास र विस्तार गर्दै लगिनेछ । साथै यस नगरको पर्यटक ट्रेकिङ रूटको पहिचान गरी आन्तरिक तथा वाह्य पयर्टकको प्रवर्द्धन गरिनेछ ।
- संघीय सरकारले संचालन गर्न लागेको नेपाल भ्रमण वर्ष २०२० को सफल कार्यान्वयनको लागि पर्यटन प्रवर्द्धन कार्यक्रमहरू संचालन गरिनेछ ।

(ख) कृषि, पशु विकास तथा सहकारी :

- कृषि तथा पशु विकासका लागि संयुक्त सेवा केन्द्र मार्फत सेवा पुऱ्याउने नीतिलाई निरन्तरता दिइनेछ ।
- कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व वृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुग्ध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ साथै मेलम्ची नगरपालिका भित्र तरकारी, किवी तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषिमा आधुनिक पद्धतिको विकासको लागि यन्त्र उपकरण खरिदमा आवश्यकता अनुसार अनुदान दिइनेछ ।
- मल, बीउ, सिंचाई, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिनेछ । बाली तथा पशु बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने व्यवस्थाको लागि समन्वय गरिनेछ । यसका लागि निजी क्षेत्र, समूह र सहकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ ।
- खाद्यान्न तथा तरकारीको बीउ उत्पादन र वितरणलाई जोड दिइ बीउ उत्पादन गर्ने कृषक समूह र कृषि सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा पशु नश्लकेन्द्र विकास गरी उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरूको उत्पादन तथा वितरणलाई व्यवस्थित गरिनेछ ।
- आधुनिक बधशाला सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

Scanned with CamScanner

- कृषितर्फ मुख्य खाद्यवस्तुहरूको उत्पादनमा वृद्धि गरी मेलम्ची नगरपालिकालाई खाद्यन्नमा आत्मनिर्भर बनाई खाद्य सुरक्षा हासिल गराउने नीति अवलम्बन गरिनेछ ।
- प्रदेश सरकारले अवलम्बन गरेको "प्रदेशको लहर स्वस्थ जीवनको मुल अधार" नीतिलाई सार्थक बनाउँन एक वडा एक IPM कार्यक्रम संचालन गरिनेछ ।
- प्रतिफलमा आधारित अनुदान नीति अवलम्बन गरिनेछ ।
- मेलम्ची नगरपालिकाभित्र रहेका कृषि सहकारी संस्थाहरूसंग सहकार्य गरी माटो परिक्षण अभियान संचालन गरिनेछ ।
- कृषि उपज संकलन केन्द्र निर्माण गर्नुका साथै सोको स्तरवृद्धि गर्दै लगिनेछ ।
- कृषि पकेट क्षेत्रहरूको पहिचान गरी सोको विस्तार गर्ने र जीवन निर्वाहमुखी कृषि पेशालाई व्यवसायी मुखी एवं आधुनिक कृषि पेशाको रूपमा लैजाने नीति अवलम्बन गरिनेछ ।
- कृषि बाली संरक्षण गरी बन्यजन्तु नियन्त्रण गर्न आवश्यक पहल गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- संघीय सरकारले निर्माण गरेको सहकारी सूचना व्यवस्थापन प्रणालीलाई सबै सहकारीहरूमा लागु गर्ने नीति लिइनेछ ।
- सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रूपमा विकास गरिनेछ । सहकारीलाई उद्यमशीलताको विकास र कृषिको आधुनिकीकरणमा परिचालन गरिनेछ । सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरू संचालन गरिनेछ ।
- नगर भित्रका सहकारी संस्थाहरूको विद्युतीय अभिलेखिकरण गरी सूचना मैत्री बनाउँने नीति अवलम्बन गरिनेछ ।
- लक्षित समूह (ग्रामीण विपन्न महिला, भूमिहिन कृषक, रोजगार विहिन श्रमिक आदि) सहकारी, बजारीकरण र रोजागरीमुलक व्यवसाय समेतका स्थानीय संभाव्यताको आधारमा आयोजनागत अनुदान प्रदान गर्ने नीति लिइनेछ ।
- अद्यावधिक हुन आएका सहकारी संस्थाहरू बाहेक निष्कृय रूपमा रहेका सहकारी संस्थाहरूको दर्ता खारेजी गर्ने नीति लिइनेछ ।
- व्यवसायिक पशुपालक कृषकहरूको लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण प्रदान गर्न आवश्यव समन्वय गरिनेछ र त्यस्ता व्यवसाययिक पशुपालक कृषकहरूको लागि बैंक तथा वित्तिय संस्थाले प्रदा गरेको ऋणको निश्चित प्रतिशत ब्याज अनुदान दिने नीति अवलम्वन गरिनेछ ।
- "एक वडा एक कृषि बाली " पहिचान गर्ने नीति अवलम्बन गरिनेछ ।
- उन्नत जातका भैंसी आयत गरी व्यवसायिक दुग्ध उत्पादनमा वृद्धि गर्ने नीतिलाई जोड दिइनेछ ।
- कृषिको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि जोड दिइनेछ । व्यवसायिक सामहिक, सहकारी र करार खेतीमा युवाहरूलाई प्रोत्साहित गरिनेछ ।
- कृषि तथा पशुपन्छीजन्य प्रमुख खाद्यवस्तुहरूको उत्पादनमा तीव्र वृद्धि गर्दै नगरलाई आत्मनिर्भर बनाइनेछ

Scanned with CamScanner

२. पूर्वाधार विकास :

आ.व. २०७५/७६ लाई नगरपालिकाको पूर्वाधार विकास तर्फको प्रस्थान विन्दु निर्धारण गरिएकोमा आगामी तीन वर्षको अवधिलाई विकास अवधिका रूपमा लिइनेछ । आगामी नौ वर्षमा नगरपालिकाले समृद्धिको खुट्किला उक्लिने नीति अवलम्वन गरिनेछ ।

- चालु आ.व. २०७५/७६ मा छनौट गरिएका योजनाहरूलाई उपभोक्ता समिति गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०७५ वमोजिम कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- ईन्द्रावती नदीलाई व्यवस्थित र आन्तरिक आयको दिगो श्रोतको रूपमा विकास गर्नको लागि ईन्द्रावती नदीमा चेक ड्याम निर्माण गर्न DPR निर्माणको थालनी गरिनेछ । साथै ठूला नदी नियन्त्रण र नदी किनारा संरक्षण गरी नदी किनारामा सडक निर्माण गरिनेछ ।
- नगरपालिका अन्तर्गत निर्माण गरिने सरकारी भवनहरू वातावरण र अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।
- भवन संहिता पालना गरी नगरपालिका घोषणा पूर्व निर्माण भएका सवै घरहरूको अभिलेखिकरण गर्ने अभियान संचालन गर्ने नीति लिइनेछ ।
- नगरपालिकाबाट स्वीकृत नलिई मापदण्ड विपरित तला थप गर्ने व्यक्तिलाई प्रचलित कानून वमोजिम दण्ड, जरिवाना गर्ने नीति लिइनेछ ।
- २०७२ सालको विनाशकारी भूकम्पवाट जीर्ण रहेका अव्यवस्थित घर तथा टहराहरू हटाउने नीति लिइनेछ ।
- विनाशकारी भूकम्पवाट भएको क्षतिको पुनर्निर्माण कार्यलाई निरन्तरता दिइनेछ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंगको समन्वयमा आगामी एक वर्ष भित्र नगरपालिका भित्रका सम्पूर्ण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण सम्पन्न गर्ने गरी कार्यान्वयन गरिनेछ ।
- प्रत्येक घरधुरीमा खानेपानीको पहुँच पुऱ्याउन "एक घर एक धारा" निर्माण गरी स्वच्छ पिउने पानीको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ । खानेपानी सेवाको प्रभावकारीता अभिवृद्धि गर्न प्राकृतिक श्रोतहरूको संरक्षण र भूमिगत जलको व्यवस्थापन गर्ने नीति अंगिकार गरिनेछ ।
- जलश्रोतको दिगो व्यवस्थापनको लागि नगरस्तरमा खानेपानी तथा जलश्रोत विकास समिति गठन गर्ने नीति लिइनेछ ।
- भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउँन नगर क्षेत्रमा संचालन हुने हरेक विकास निर्माणको काममा सार्वजनिक निजी साझेदारीको नीति अवलम्वन गरिनेछ ।
- नगर क्षेत्रमा निर्माण हुने सार्वजनिक पूर्वाधारलाई बालमैत्री र अपाङ्गमैत्री बनाउँने नीति लिइनेछ ।
- नगर क्षेत्रमा निर्माण हुने पूर्वाधारको उपयोग र दिगो व्यवस्थाको लागि लाभग्राहीको योगदान सहितको पूर्वाधार मर्मत कोष संचालन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
- कृषि, पर्यटन, उद्योग, जलाधार, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा आवश्यकता अनुसार दीर्घकालीन योजना तयार गरी विकासको गन्तव्य सुनिश्चित गरिनेछ । वितरणमुखी योजना छनौटको अभ्यासलाई निरूत्साहित गर्न परियोजना वैंकको रूपमा रहेको एकिकृत नगर विकास गुरू योजनाको माध्यमबाट योजना छनौट गर्ने प्रणाली स्थापित गरिनेछ ।
- नगरपालिकाका सवै वडा कार्यालयका भवनहरू व्यवस्थित गर्दै वडा कार्यालयसम्म पुग्ने बाटोलाई स्तरोन्नती गरिनेछ ।

Scanned with CamScanner

- नगर चक्रपथको ट्रयाक जोड्ने र स्तरोन्नती गरिनेछ ।
- एक टोल विकास संस्था एक सामुदायिक भवनको नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरूमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापनका पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरूको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरीवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।
- नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी (Public Private Partnership) को अवधारणा अवलम्बन गरिनेछ ।
- व्यवस्थित तथा योजनाबद्ध सहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षणको नीति लाई निरन्तरता दिइनेछ ।
- सहरी विकास मन्त्रालय र सहरी विकास तथा भवन निर्माण विभागसँग निरन्तर सहयोग र समन्वयमा रही नगर क्षेत्रमा राष्ट्रिय भवन संहिता लागू गरिएकोमा स्थानीय तह पुर्नसंरचना पश्चात् थप हुन आएका क्षेत्रमा समेत संहिता लागू गरिनेछ ।
- यस नगरसँग सीमा जोडिएको गाउँपालिका र नगरपालिकासँगको समन्वयमा विकास लगायत विभिन्न सवालमा रणनीतिक साझेदारी कायम गर्दै यस नगरलाई मध्य पहाडी क्षेत्रको शहरको रूपमा विकास गरिनेछ ।
- नगर भित्रका १३ वटै वडामा एक/एक वटा एकिकृत बस्ती, पार्क/वगैचा, खेलकूद मैदान, सामुदायि भवन निर्माणको लागि प्रोत्साहित गरिनेछ ।
- नीजि क्षेत्रले जग्गा विकास गर्दा नगरपालिकाबाट पूर्व स्वीकृत लिनुपर्ने नीतिलाई अवलम्बन गरिनेछ
- भूकम्पका कारण भत्किएका निजी आवास तथा सरकारी भवनहरूको पुनःनिर्माणको कार्यलाई यसै अ वर्ष भित्रमा सम्पन्न गर्न प्रोत्साहन गरिनेछ ।
- भूकम्पपीडितहरूको निजी आवास पुनर्निर्माणमा नक्सा पासको लागि नगरवाट प्रदान गरिदै सुविधालाई निरन्तरता दिइनेछ ।
- संघ, प्रदेश र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायत विभिन्न संघ/संस्थाहरूको समन्वय, सह साझेदारीतामा भूकम्पबाट क्षति भएका नगरका पाटी, पौवा, मठ मन्दिर, गुम्वा र शैक्षिक सं पुनर्निर्माण कार्य एक वर्ष भित्र सम्पन्न गर्ने नीति लिइनेछ ।
- कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार र पर्यटनको विकासद्वारा गरिवी न्यूनीकरण, वेरोजगारी र सकारात्मक विभेदद्वारा महिला, वालवालिका, दलित, जनजाती, आदिवासी, अपाङ्गता भएका पिछडिएका क्षेत्रको आर्थिक सामाजिक स्थितिमा सशक्तीकरण गर्न उपलब्ध श्रोत साधनहरूल परिचालन गरिनेछ ।

Scanned with CamScanner

३. सामाजिक विकास :

- मेलम्ची नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान सञ्चालन गर्न नगर तथा वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरी सकिएकोमा यसै आ.व. मा यस नगरपालिका क्षेत्रलाई खुला दिशामुक्त क्षेत्र घोषणा गरिनेछ ।
- एक क्लष्टर एक बैंक शाखा स्थापनाको लागि आवश्यक सहजिकरण तथा समन्वय गर्ने नीति लिइनेछ ।
- विभेद रहित नगरपालिका निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरभित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गिक तथा जातिय विभेद र हिंसाका घटनाहरू न्यूनिकरणको लागि आवश्यक कार्ययोजना बनाई लागु गरिनेछ ।
- बालविवाह र बहुविवाहलाई निरूत्साहित गर्न अभियान संचालन गरिनेछ ।
- सामजिक सुरक्षा तथा संरक्षण अन्तर्गत बालबालिका पुर्नस्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रम केन्द्र र अशक्त स्याहार केन्द्रहरू आवश्यकताका र क्षमताको आधारमा क्रमशः संचालनमा ल्याइनेछ ।
- लैङ्गिक हिंसा विरूद्धको वर्ष कार्यान्वयनका लागि बहस, पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम सबै वडामा संचालन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रूपले पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक एवं सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थान हुने कार्यक्रमहरू संचालन गरिनेछ ।
- मदिरा तथा सूर्तीजन्य पदार्थ विक्री वितरण तथा प्रयोग सम्बन्धी कार्यलाई व्यवस्थित गरिनेछ । विभिन्न क्षेत्रमा रहेको सिण्डिकेट एवं कार्टेलिङ्ग, सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण, लागु औषध उत्पादन, ओसारपसार तथा बेचविखन, जबरजस्ती चन्दा असूली लगायतका गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न आवश्यक प्रणालीको विकास गरिनेछ ।
- यस नगरक्षेत्रलाई प्लाष्टिकमूक्त क्षेत्र घोषणा गर्न आवश्यक पहल गरिनेछ ।
- यस नगरलाई सफा उज्यालो बनाउनको लागि सौर्य उर्जा मार्फत उज्यालो नगर बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- वित्तीय सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्न प्रोत्साहन गर्दै सबै नगरवासीलाई बैङ्क मार्फत कारोवार गर्न प्रोत्साहन गरिनेछ ।
- समुदायमा रहेको साधन, स्रोतको संगठितरूपमा परिचालन गरी सामाजिक रूपान्तरण र समन्यायिक आर्थिक वृद्धिमार्फत समुदायको सशक्तीकरण गर्न सहकारी अभियानलाई व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक क्षमता अभिवृद्धिका कार्यक्रमहरू लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अख्तियार गर्दै सामुदायिक मेलमिलाप केन्द्रलाई क्रियाशील बनाउने कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।
- नगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्थाहरूद्वारा संचालित कार्यक्रमहरूलाई नगरपालिकाको दायराभित्र ल्याई कार्य गराउँने नीति कडाइका साथ लागु गरिनेछ ।
- विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनका क्षेत्रमा कार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

Scanned with CamScanner

- मेलम्ची नगरक्षेत्र भित्र गठन भएका महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, जनजाती, बालबालिका र पिछडिएको वर्गको क्षमता विकास गरी छुट्टाछुट्टै सञ्जालहरूको समन्वयमा लक्षित कार्यक्रम तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ ।
- महिला, एकल महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, असहाय र पछाडि परेका समुदायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ संस्थासंगको सहकार्यमा सशक्तिकरण लगायत आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ ।
- विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक विभेदको नीतिलाई अगाडि बढाइनेछ ।
- नगर क्षेत्रभित्र अनाथ बालबालिका, अपाङ्ग, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वृद्धवृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघ सस्थालाई सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- यस नगरलाई बालमैत्री नगर बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रम सञ्चालन गर्नुका साथै बालश्रम रहित नगर बनाउने नीति लिइनेछ ।
- घाट, चिहानहरूको व्यवस्थापन र पाटी पौवाहरूको निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवं गैरसकारी संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित रूपमा परिचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट भुक्तानी गर्न परीक्षणको रूपमा मेलम्ची नगरपालिका वडा नं. ७ र ११ बाट शुरू गरी क्रमशः अन्य वडाहरूमा समेत लागु गरिनेछ ।

(क) जन स्वास्थ्य :

- नगरस्तरीय स्वास्थ्य सेवा विकास गर्न आवश्यक पहल गरिनेछ । नगर क्षेत्रभित्रका वस्तीहरूबाट नगरका बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन आउने महिलालाई एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिदै नगरभित्रका बर्थिङ सेन्टरहरूमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरूलाई तीन महिनासम्म मासिक रू. एक हजारका दरले पोषण भत्ता उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका अन्तर्गतका बर्थिङ सेन्टर र पोष्टमार्टम कार्यमा संलग्न कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- नगरपालिकाका बर्थिङ सेन्टरहरूको आवश्यकताको आधारमा स्तरवृद्धि गर्दै लगिने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका भित्र रक्तदान कार्यक्रमको आयोजना गर्ने र रक्त समूह परीक्षण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।
- एक वडा एक स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति लिई निरन्तरता दिई स्तरोन्नती गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

Scanned with CamScanner

- नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरूको व्यवस्था मिलाई नगरवासीको स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिक स्वास्थ्य जाँच तथा उपचार कार्यक्रमलाई शुरूवात गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरूलाई उच्चस्तरको स्वास्थ्य, उपचार तथा पुर्नस्थापना सेवाहरू संचालन गर्ने नीति लिइनेछ ।
- प्रशुती पुरूष समूह मार्फत गर्भवती तथा सुत्केरी महिलाको प्रोटोकल अनुसारको जाँच र हेरचाह गर्ने कार्यलाई अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा सूचना प्रविधिको जडान कार्यलाई अगाडि बढाइनेछ ।
- नगरपालिका भित्रका वडाहरूमा मौसम अनुसारको स्वास्थ्य शिविर संचालन गर्ने नीति लिइनेछ ।
- पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिलाहरूको प्रजनन् स्वास्थ्य पाठेघर खस्ने समस्याको समाधान गर्दै जाने तथा पाठेघर र स्तन क्यान्सरको VIA को लागि चेतनामुलक कार्यक्रम र शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्सा लगायतका विशिष्टिकृत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- नेपाल सरकारले तोकेका गम्भिर प्रकृतिका रोगबाट पीडित नगरवासीहरूलाई आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
- नगरपालिकासंग समन्वय नगरी निरन्तर संचालनमा रहेका स्वास्थ्य संस्थाहरूको नियमन गर्ने नीति लिइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

(ख) शिक्षा तथा खेलकुद विकास :

- आधारभूत शिक्षामा बहु कक्षा बहु शिक्षण (MGML) पद्धतिलाई प्राथमिकता दिइने नीति अवलम्बनमा निरन्तरता दिइनेछ ।
- प्रारम्भिक बाल विकास तथा शिक्षालाई सर्वशुलभ बनाई सबै विद्यालयमा कम्तिमा एक बाल विकास कक्षा र आवश्यकताको आधारमा सामुदायिक बाल विकास केन्द्र स्थापना गर्ने र बाल विकास शिक्षकलाई उत्प्रेरित गर्ने नीति लिइनेछ ।
- विद्यालयहरूलाई बालमैत्री, अपाङ्गमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भित्र्याउँन आवश्यक नीति लिइनेछ ।
- शिक्षामा सबै बालबालिकाको पहुँच वृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकसंग कार्य सम्पादन सम्झौता गरी कार्य गरिनेछ ।
- बाल अधिकारको सुनिश्चतताको लागि बाल क्लबहरलाई क्रियाशिल बनाउँन विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- नगरका विद्यालयहरूलाई हरियाली, सफा, शान्तिपूर्ण र सुरक्षित बनाउँने नीतिलाई निरन्तरता दिइनेछ ।

Scanned with CamScanner

- नगर भित्रका विद्यार्थीहरूको सर्वाङ्गीण विकासको लागि विद्यालयस्तरीय एवं नगरस्तरीय अतिरिक्त क्रियाकलापहरू संचालन गरिनेछ ।
- शैक्षिक गुणस्तरका सूचकहरू तयार गरी सोको आधारमा विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने परिपाटीको विकास गर्दै लगिनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको भूमिकालाई सबल र प्रभावकारी बनाउँन क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयमा दिवा खाजाको व्यवस्थापनलाई सुदृढ गराई विद्यालय हाताभित्र जंङ्क फुडको प्रयोगलाई क्रमशः निषेध गर्दै लाने नीति लिइनेछ ।
- विद्यालयस्तरमा अंग्रेजी, विज्ञान र गणितको नतिजा सुधार गर्न शिक्षकको क्षमता विकास गरी शिक्षण सिकाईमा सुधार गरिनेछ ।
- भूकम्पबाट क्षति भई हालसम्म पुर्ननिर्माण नभएका विद्यालयको निर्माण कार्यलाई अगाडि बढाउँन पहल गरिनेछ ।
- विद्यालयको भौतिक संरचनाको मर्मत संभारका लागि नगरस्तरमा विद्यालय मर्मत संभार कोष खडा गरिनेछ ।
- शिक्षाको गुणस्तर सुधारमा अभिभावकको भूमिकालाई बढाउँन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- कक्षा कोठाको शिक्षण सिकाई सुधार गरी सिकाई उपलब्धी बढाउँनको लागि प्रशासनिक एवं प्राविधिक सुपरिवेक्षणमा जोड दिने नीति अवलम्वन गरिनेछ ।
- क्रियाकलापमा आधारित परियोजनामुलक तथा जीवन उपयोगी शिक्षामा जोड दिइनेछ ।
- बालबिकास र कक्षा १ को वसाई व्यवस्थापनलाई बालमैत्री बनाउँदै लगिने नीति लिइनेछ ।
- नगरका विद्यालयहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनमा प्राथमिकता दिदै सूचना तथा प्रविधि मार्फत शिक्षण सिकाई गर्न/गराउन प्रोत्साहन गरिनेछ ।
- नगरका माध्यामिक विद्यालयहरूमा एक मा.वि. एक करेसावारी स्थापनाको लागि प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगर सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरि संचालन गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक सिकाई केन्द्रको प्रभावकारी व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रमा शैक्षिक गुणस्तरका लागि भौतिक पूर्वाधार लगायतका पक्षमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट निशुल्क शिक्षा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।
- शिक्षण सिकाइलाई उपलब्धीमुलक बनाउँनका लागि शैक्षिक कार्य योजना, इकाई योजना र पाठ्य योजनाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- आधारभूत तहको अन्तिम परीक्षालाई व्यवस्थित र मर्यादित बनाइनेछ ।
- पाठ्यक्रममा आधारित विद्यालय शिक्षालाई जोड दिइनेछ ।
- समयानुकुल शिक्षकको क्षमता विकास गर्ने कार्यमा जोड दिइनेछ ।

Scanned with CamScanner

- समसामयिक अनौपचारिक शिक्षामा जोड दिइनेछ ।
- सबैका लागि समावेशी, समतामुलक, गुणस्तरीय शिक्षामा सबैको पहुँच अभिवृद्धि गरिनेछ ।
- प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउँने नीति लिइनेछ ।
- आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यामिक तह सम्मको शिक्षा निशुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- अगुवा र आधार विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- अपाङ्गता र आर्थिक रूपले विपन्न विद्यार्थीहरूलाई उच्च शिक्षासम्मको अध्ययनमा आवश्यक सहयोग गरिनेछ ।
- एक वडा एक बाल उद्यान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाका सबै विद्यालयहरूमा स्वच्छ पिउने पानीको व्यवस्था मिलाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालय भित्काउ, सिकाउ, टिकाउ र विकाउको अभियान चलाइनेछ ।
- आवश्यकता अनुसार विद्यालय तथा शिक्षक दरवन्दी मिलानको नीतिलाई निरन्तरता दिइनेछ ।
- उत्कृष्ट शिक्षण गर्ने शिक्षकलाई प्रशंसा तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्यको नीति अपनाइनेछ ।
- विद्यालय व्यवस्थापन समिति र अभिभावकको भूमिकालाई सबल र प्रभावकारी बनाइनेछ ।
- शिक्षकहरूले प्राप्त गर्ने पारिश्रमिक मासिक रूपमा सम्बन्धित शिक्षकको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर क्षेत्रको खेलकुद विकासका लागि नगर खेलकुद विकास समिति गठन गरिनेछ र खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाउँन नगर क्षेत्रका युवाहरू र क्रियाशिल क्लबहरूसंग समन्वय गरी मेयर कप खेलकुद कार्यक्रमहरू संचालन गरिनेछ ।
- खेलाडीको क्षमता र खेलको स्तरवृद्धि गर्नुका साथै वडातहसम्म खेलमैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहको श्रोत साधनलाई प्रयोग गरी स्थानीय पाठ्यक्रको निर्माण तथा प्रयोगमा जोड दिइनेछ ।
- शिक्षाको पहुँचबाट टाढा रहेका तथा आर्थिक रूपले विपन्न वर्गका विद्यार्थीहरूको लागि आवासीय विद्यालय भवन निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

सूचना तथा संचार :

- राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुसार सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पत्रकारिता क्षेत्रको प्रर्वद्धन एवम् विकासका लागि पत्राकार महासंघ लगायत संचारसंग सम्बद्ध निकायहरूसंग समन्वय गरि संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

Scanned with CamScanner

वातावरण तथा विपद व्यवस्थापन र जलवायु अनुकुलन :

- सार्वजनिक, खाली र पाखो जग्गामा वृक्षारोपण तथा वन व्यवस्थापन गरी हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढ गरिने छ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरूलाई व्यवस्थित र उत्पादनमुखी बनाउँदै लाने नीति अवलम्बन गरिनेछ ।
- गैरकाष्ठ वन पैदावरबाट आय वृद्धि गर्ने कार्यक्रमहरू संचालन गर्न क्षमता वृद्धि र प्रोत्साहनको नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकाका सबै वडामा वडा सदस्यको संयोजकत्वमा समिति निर्माण गरी नगर क्षेत्र भित्रका सबै घर आँगनमा करेसाबारीको अवधारण लागु गरी कम्तिमा एक घर २ फल/फुलका विरूवाहरू रोप्न प्रोत्साहित गरिनेछ ।
- निजी क्षेत्रबाट विरूवा उत्पादन गरी वन विकास गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- जडिबुटी प्रजातिको अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरिने छ ।
- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागू गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- योजना निर्माण गर्दा विपद न्यूनीकरण हुने गरी संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय विपद व्यवस्थापन कार्यक्रम तयार गरी क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- विपद व्यवस्थापन कोष स्थापना गरिएकोमा सोको निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रको फोहोरमैला संकलन तथा व्यवस्थापनलाई क्रमश व्यवस्थित गर्दै लगिनेछ ।
- बिकास र वातावरणबीच सन्तुलन कायम गरिनेछ । पृथ्वीको भविष्य, जीवहरूको रक्षा, हित कल्याण र यसको इकोसिस्टममा टकराव नआउने गरी विकास कार्यहरू अघि बढाइनेछ ।
- सुरक्षा निकायसंगको सहकार्यमा उद्धार र राहत सामाग्रीको भण्डारणको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- वातावरण ऐन र नियमावलीले निर्दिष्ट गरेका योजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने नीति अवलम्बन गरिनेछ ।
- विश्व तापमानबाट भएको वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकरात्मक असरहरूलाई न्यून गर्न स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रमहरू संचालन गरिनेछ ।
- प्राकृतिक श्रोतको अनुचित दोहन हुन नदिने तर पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरू निर्वाध रूपमा उपलब्ध हुने सुनिश्चित गरिनेछ ।

Scanned with CamScanner

- स्थानीय विपद् व्यवस्थापनका पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा समुदायको विपद् व्यवस्थापनको क्षेत्रमा क्षमता विकास गरिनेछ ।
- उद्धार, खोज र राहतको कार्यलाई प्रभावकारी बनाउँन आपतकालिन उद्धार टिम बनाई कार्य गर्ने नीति लिइनेछ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन :

- नगरपालिकाबाट उपलब्ध हुने सेवाहरू फरक क्षमताका व्यक्तिहरू, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू एवं दृष्टिबिहिनहरूको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।
- कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा मानव संसाधन विकासका लागि योजना तर्जूमा गरिनेछ ।
- नगरपालिकाबाट सम्पादन हुने कामहरूलाई प्रभावकारी बनाउन नियमित अनुमगन गरी प्रचलित कानून बमोजिम विषयगत र क्षेत्रगत निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरूलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । नगरपालिकाका सबै वडामा सफ्टवेयर जडान गरी दैनिक प्रशासनिक कामकाजलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको कर्मचारी दरवन्दी, कर्मचारी संगठन संरचना, स्थानीय तहमा कार्यरत स्थायी, अस्थायी/करार कर्मचारी र समायोजन भई आउने कर्मचारीहरूलाई समावेश गरी नगरपालिकाको आवश्यकता अनुसारको संगठनात्मक संरचना स्वीकृत गरी थप दरवन्दीको व्यवस्था मिलाइनेछ ।
- पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकाको आम्दानी एवम् खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई, समिक्षा र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न सरूवा तथा जिम्मेवारी हेरफेर गरिनेछ ।
- मेलम्ची नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न स्थानीय कर्मचारी नियमावली र कर्मचारी कल्याण कोष नियमावली र स्थानीय कर्मचारी सेवा संचालन ऐन तयार गरी लागु गरिनेछ । साथै आर्थिक प्रशासन सम्बन्धि नियमावली समेत तयार गरी लागु गरिनेछ ।
- मेलम्ची नगरपालिका क्षेत्रलाई सुशासन मैत्रीनगर (Good Governance Friendly City) बनाउन आवश्यक कार्यारम्भ विगत वर्षबाट सुरूवात गरिएकोमा उक्त कार्यलाई प्रभावकारी बनाउन निरन्तरता दिई सुशासनको अनभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- विकास आयोजनाहरूको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीतिगत एवं संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ ।
- स्थानीय तहका जनप्रतिनिधिहरूको सम्पत्ति विवरण प्राप्त गर्ने र संरक्षण तथा अभिलेखिकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

Scanned with CamScanner

- मेलम्ची नगरपालिकाले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नेछ । भ्रष्टाचार विरूद्धको रणनीतिलाई व्यापक रूपमा तल्लो तहसम्म सम्प्रेषण गरी मर्यादित, पारदर्शी र सक्षम प्रशासन निर्माण गर्न कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- मेलम्ची नगरक्षेत्रलाई जिल्लाकै समृद्ध नगरका रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- वडाको विकास र कार्यसम्पादन मूल्याङ्कनको सूचाङ्क तयार गरी सूचाङ्कको आधारमा उत्कृष्ट वडालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- मेलम्ची नगरपालिकामा कार्यरत कर्मचारी र उपभोक्ता समितिलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कृत गरिनेछ ।
- न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित बनाउन सचेतनामुलक कार्य गर्नुका साथै इजलास व्यवस्थापन, कानूनी सल्लाहकारको व्यवस्था र सचिवायलयको व्यवस्थापन गरिनेछ ।
- टोल विकास संस्थाको क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

Scanned with CamScanner

मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७६

(मेलम्ची नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक)

प्रस्तावना :

मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मेलम्ची नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०७६**" रहको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि मेलम्ची नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घरजग्गा वहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय कर :** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **काठ, दाउरा, जराजुरी, जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तरको बिक्री तथा ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख

Scanned with CamScanner

छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको काठ, दाउरा, जराजुरी, जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

८. **मनोरञ्जन कर** : नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

९. **बहाल बिटौरी शुल्क** : नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका भवन, जग्गा वा अन्य सम्पत्तिमा अनुसूचि (८) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **सवारी साधन पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत तथा नगरपालिकाबाट वसपार्क सञ्चालन अनुमति दिंदा अनुसूचि (९) बमोजिम पार्किङ गर्ने समयको आधारमा सवारी साधन पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर, च्याफटिङ र प्याराग्लाइडिङ शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर, च्याफटिङ र प्याराग्लाइडिङ सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा, ईजाजत, अनुमति आदि दिंदा अनुसूचिमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. **ढुंगा, गिटी, बालुवा आदि प्राकृतिक खानीजन्य वस्तुहरूको संकलन तथा विक्री शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्ने आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल वा नदी क्षेत्रबाट उत्खनन् संकलन हुने ढुंगा, गिटी, बालुवा, माटो

Scanned with CamScanner

आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरूको उत्खनन्, संकलन, विक्री एवं निकासीमा अनुसूची (१३) मा उल्लिखित दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **जरिवाना** : नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अनुसूची (१४) मा उल्लेख भए बमोजिम जरिवाना लगाउने र असूल उपर गर्नेछ ।

१६. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिमा व्यवस्था भए बमोजिम कर/शुल्क छुट दिइनेछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

Scanned with CamScanner

अनुसूची–१
दफा (२) संग सम्बन्धित
सम्पत्ति करको दर

सि.नं	विवरण	इकाई	आ.व. २०७६/०७७ वार्षिक दर (रु)
घर/संरचना			
१	मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार र बाहुनेपाटी बजारका आर.सि.सि. घरहरु	प्रति वर्ग फिट	१.२५
२	मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची टार, सिन्धुखोला बजार, ढकालखहरे बजार, सिपाघाट बजार, तालामाराङ बजार, भोटेचौर बजार, पिप्ले बजार र सेल्ले पोखरे बजारका आर.सि.सि. घरहरु	प्रति वर्ग फिट	१.००
३	सि.नं. १ र २ मा उल्लेख गरिएका बजार क्षेत्र भन्दा बाहेकका आर.सि.सि. घरहरु	प्रति वर्ग फिट	०.७५
४	मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार र बाहुनेपाटी बजारका लोड वियरिङ्ग घरहरु	प्रति वर्ग फिट	०.५०
५	मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची टार, सिन्धुखोला बजार, ढकालखहरे बजार, सिपाघाट बजार, तालामाराङ बजार, भोटेचौर बजार, पिप्ले बजार र सेल्ले पोखरे बजारका लोड वियरिङ्ग घरहरु	प्रति वर्ग फिट	०.४०
६	सि.नं. ४ र ५ मा उल्लेख गरिएका क्षेत्र भन्दा बाहेकका लोड वियरिङ्ग घरहरु	प्रति वर्ग फिट	०.२५
७	ढुंगा माटोले बनेको जस्ताको छाना भएको घर	प्रति घर	१००

अनुसूची–२
दफा (३) संग सम्बन्धित
मालपोत/भुमी कर

सि.नं	विवरण	इकाई	आ.व. २०७६/०७७ वार्षिक दर (रु)
१	कालोपत्रे सडकमा जोडिएका जग्गा		
	दुई रोपनीसम्म		१००
	दुई रोपनी देखि पाँच रोपनीसम्म	थप प्रति रोपनी	११०
	पाँच रोपनी देखि दश रोपनीसम्म	थप प्रति रोपनी	१२०
	दश रोपनी भन्दा माथि	थप प्रति रोपनी	१३०
२	मोटरबाटो (ग्राभेल, माटे सडक) संग जोडिएका जग्गा		
	दुई रोपनीसम्म		४०
	दुई रोपनी देखि पाँच रोपनीसम्म	थप प्रति रोपनी	५०
	पाँच रोपनी देखि दश रोपनीसम्म	थप प्रति रोपनी	६०
	दश रोपनी भन्दा माथि	थप प्रति रोपनी	७०
३	धान खेत		
क	अब्बल		
	दुई रोपनीसम्म		३०
	दुई रोपनी देखि पाँच रोपनीसम्म	थप प्रति रोपनी	४०
	पाँच रोपनी देखि दश रोपनीसम्म	थप प्रति रोपनी	५०
	दश रोपनी भन्दा माथि	थप प्रति रोपनी	६०
ख	द्धोयम		
	दुई रोपनीसम्म		२०
	दुई रोपनी देखि पाँच रोपनी सम्म	थप प्रति रोपनी	२५
	पाँच रोपनी देखि दश रोपनीसम्म	थप प्रति रोपनी	३०
	दश रोपनी भन्दा माथि	थप प्रति रोपनी	३५
ग	सिम		
	दुई रोपनीसम्म		१५

Scanned with CamScanner

	दुई रोपनी देखि पाँच रोपनीसम्म	थप प्रति रोपनी	२०
	पाँच रोपनी देखि दश रोपनीसम्म	थप प्रति रोपनी	२५
	दश रोपनी भन्दा माथि	थप प्रति रोपनी	३०
घ	चाहार		
	दुई रोपनीसम्म		१०
	दुई रोपनी देखि पाँच रोपनी सम्म	थप प्रति रोपनी	१५
	पाँच रोपनी देखि दश रोपनीसम्म	थप प्रति रोपनी	२०
	दश रोपनी भन्दा माथि	थप प्रति रोपनी	२५
४	पाखो बारी		
	दुई रोपनीसम्म		५
	दुई रोपनी देखि दश रोपनीसम्म	थप प्रति रोपनी	१०
	दश रोपनी देखि माथि	थप प्रति रोपनी	१५

विलम्ब शुल्क एक वर्षसम्म १५ प्रतिशत, तीन वर्ष सम्म २५ प्रतिशत र सो भन्दा माथि ३५ प्रतिशत थप लाग्नेछ।

अनुसूची–३

दफा (४) संग सम्बन्धित

घरजग्गा वहाल कर

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	घरजग्गा वहाल कर		१० प्रतिशत

अनुसूची–४

दफा (५) संग सम्बन्धित

व्यवसाय कर

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	व्यापारिक वस्तु		
१.१	सुन, चाँदी विक्रेता		५०००
१.२	भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक /वितरक		२०००
१.३	चुरोट, रक्सी		
	क) थोक विक्रेता		५०००
	ख) खुद्रा विक्रेता		३०००
१.४	हलुका पेय पदार्थको थोक विक्रेता		२०००
२	निर्माण सामाग्री		
	क) सिमेन्ट, छड, धातुका निर्माण सामानको थोक विक्रेता		१००००
	ख) सिमेन्ट, छड, धातुका निर्माण सामानको खुद्रा विक्रेता		३०००
	ग) अन्य निर्माण समाग्रीहरु		२५००
३	कम्प्यूटर र सो संग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा		१५००
४	विद्युत/सोलार विक्रेता		
	क) बिजुलीको सामान थोक विक्रेता		५०००
	ख) बिजुलीका सामान खुद्रा विक्रेता		१५००
	ग) सौर्यऊर्जाबाट चल्ने विद्युतीय सामाग्री विक्रेता		१५००
५	रेडियो, घडी, मोबाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा		१५००
६	फर्निचरका सामान तथा कार्पेट विक्रेता		३०००
७	पेट्रोलियम पदार्थ		
	क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ विक्रेता		१००००
	ख) ग्यास तथा मट्टितेल विक्रेता		१५००
	क) टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता		२५००
८	खाद्यान्न किराना पसल		
	क) थोक विक्रेता		३०००
	ख) खुद्रा विक्रेता		१०००
९	फलफुल तथा तरकारी विक्रेता		१०००

Scanned with CamScanner

१०	स्वदेश तथा विदेशी कपडा, तयारी पोसाक र जुत्ता बिक्रेता		१०००
११	अन्य सेवा		
	क) ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि सेवा		१५००
	ख) एउटा मात्र मोसिन राखी सिलाई गर्ने		५००
	ग) पेन्टिङ्ग सेवा		१५००
	घ) पशु वधशाला		३०००
	ङ) मासु बिक्रेता		१०००
१२	पुल हाउस/व्यायमशाला		३०००
१३	सिसा प्लाईउड बिक्रेता		३०००
१४	भाँडाकुडा बिक्रेता		३०००
१५	स्टिल तथा अन्य रेडिमेड फर्निचर बिक्रेता		३०००
१६	खेलौना तथा उपहार (गिफ्ट) कस्मेटिक बिक्रेता		१०००
१७	केवुल/ नेटवर्किङ्ग सेवा		३०००
१८	डेरी उद्योग		
	क) चिस्यान केन्द्र		१०००
	ख) दुग्ध डेरी		३०००
१९	बेकरी तथा कफी सप		१०००
२०	विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा		३०००
२१	सामान ढुवानीकर्ता कम्पनी		१०००
२२	निर्माण व्यवसाय दर्ता तथा नविकरण दस्तुर		
	क) क श्रेणीको सूचिकृत दस्तुर		१०००
	ख) ख श्रेणीको सूचिकृत दस्तुर		४०००
	ग) ग श्रेणीको सूचिकृत दस्तुर		३०००
	घ) घ श्रेणीको दर्ता दस्तुर		१००००
	ङ) घ श्रेणीको नविकरण दस्तुर (आश्विन मसान्तसम्म नविकरण गरेमा रु. १०००/- र सो अवधिमा नविकरण नगरी चैत्र मसान्त भित्र नविकरण गरेमा दोब्बर दस्तुर लाग्ने)		१०००
	च) घ श्रेणीको इजाजतपत्र नामसारी, प्रतिलिपी र कम्पनी/प्रा.लि.मा परिवर्तन दस्तुर		३०००
२३	**उत्पादनमूलक उद्योग**		
	क) ईंट्टा तथा प्लास्टीक उद्योग		१०००
	ख) ब्लक उद्योग		३०००
	ग) अन्य साना घरेलु उद्योग		१०००
	घ) कलर ल्याब		४०००
२४	**फर्निचर उद्योग**		
	क) ट्रली समेत राखेको स-मिल उद्योग		४०००
	ख) स-मिल तथा फर्निचर बनाउने उद्योग		३०००
	ग) सामान्य फर्निचर उद्योग		२०००
२५	**उर्जामूलक उद्योग (हाईड्रोपावर)**		
	क) १ करोडसम्म पूँजी भएको		१५०००
	ख) १ करोडभन्दा बढी पूँजी भएको		२०००
२६	**कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग**		
	क) पचास लाख भन्दा माथि पूँजी भएको		१००००
	ख) पन्ध्र देखि पचास लाखसम्मको		५०००
	ग) पाँच देखि पन्ध्र लाखसम्मको		३०००
	घ) पाँच लाखसम्मको		२०००
	ङ) कृषिजन्य व्यवसाय		५००
२७	खानीजजन्य उद्योग सिफारिस शुल्क		
	क्रसर उद्योग सिफारिस शुल्क		२००००

Scanned with CamScanner

	बालुवा प्रशोधन उद्योग सिफारिस शुल्क		१००००
२८	पर्यटन उद्योग		
	होटल, लज तथा रेष्टुरा		
	क) वर्ग		५०००
	ख) वर्ग		४०००
	ग) वर्ग		३०००
२९	**सेवा उद्योग**		
	क) सिनेमा हल		५०००
	ख) अफसेट प्रेस		४०००
	ग) लेजर प्रेस		३०००
	घ) कोल्ड स्टोर तथा फास्ट फुड विक्रेता		३०००
	ङ) अडियो क्यासेट विक्रेता		३०००
	च) हवाई सेवा बुकिङ काउन्टर		३०००
	छ) सार्वजनिक परिवहन बुकिङ काउन्टर		५०००
	ज) यातायात (टेम्पो लगायत साना सवारी साधन) सेवा स्वीकृति		१००००
३०	क्रसरजन्य उद्योग (वातावरणीय शुल्क)		
३१	**संचार सेवा (रेडियो एफ.एम.)**		१५००
	क) फोन, फ्याक्स, इमेल, इन्टरनेट तथा फोटोकपी सेवा		१५००
	ख) कुरियर सेवा		१५००
	ग) अखबार छपाई तथा प्रकाशन		१५००
	घ) रेडियो एफ.एम.		१५००
	ङ) केबुल टेलिभिजन		१५००
३२	पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता		१०००
३३	वित्तीय सेवा (वार्षिक शुल्क)		
३३.१	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने क बर्गका बैंकको शाखा		१५०००
३३.२	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ख बर्गका बैंकको शाखा		१२०००
३३.३	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ग बर्गका बैंकको शाखा		१०००
३३.४	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने घ बर्गका बैंकको शाखा		५०००
३३.५	विमा कम्पनी शाखा		५०००
३३.६	सहकारी बैंक तथा अन्य वित्तिय संस्था		२०००
३४	**सहकारी संस्था**		
	क) दस लाखभन्दा बढी पुँजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता		२०००
	ख) दस लाखसम्म पुँजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता		१०००
	ग) अन्य/कृषि सहकारी सहकारी संस्था दर्ता		५००
	घ) ऋण/योजना माग सिफारिस		१०००
	ङ) सहकारी संस्था प्रतिलिपि दस्तुर		२००
३५	**स्वास्थ्य सेवा**		
	क) गैर सरकारी अस्पताल		१०००
	ख) नर्सिङ होम/पोलिक्लिनिक		५०००
	ग) मेडिकल फर्मा		३०००
३६	**विद्यालय कक्षा स्तरोन्नती (निजी क्षेत्रबाट संचालित)**		
	क) आधारभूत		२०००
	ख) माबि		४०००
	ग) क्याम्पस		५०००
३७	**तालिम केन्द्र**		
	क) टाईपिङ तथा कम्प्युटर इन्स्टिच्यूट र भाषा प्रशिक्षण		२०००
	ख) सिलाईबुनाई तथा अन्य साना प्रशिक्षण केन्द्र		१५००
३८	**मर्मत सम्भार/वर्कशप**		
	क) हेवी ईक्युपमेन्टस्, बस, ट्रक, जिप, कार, ट्याक्टर		३०००
	ख) मोटरसाईकल, टेम्पो		१५००
	ग) टि.भि., फ्रिज, मोटर, पंखा, हिटर		१५००

Scanned with CamScanner

	घ) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन, स्टोप, ग्यास चुल्हो आदि		
	ङ) साईकल मर्मत तथा बिक्री		१५००
३९	पार्क तथा पिकनिक स्पट		१०००
४०	**विविध व्यवसाय**		३०००
४०.१	कपडा, जुत्ता तथा फेन्सी पसल		
४०.२	मेशिनरी पार्टपुर्जा पसल		२०००
४०.३	पान पसल		२५००
४०.४	खाना तथा नास्ता पसल		१०००
४०.५	मिठाई तथा चिया पसल		२०००
४०.६	पोल्ट्री, पशु फर्म/दाना डिपो/एग्रोभेट		१५००
४०.७	कन्सल्टेन्सी दर्ता शुल्क		२०००
४०.८	कन्सल्टेन्सी नविकरण शुल्क		५०००
४०.९	बोका तथा बंगुर स्थायी बन्ध्याकरण शुल्क		२०००
४०.१०	गोरुको स्थायी बन्ध्याकरण शुल्क	प्रति गोटा	५०
४१	**सप्लायर्स**	प्रति गोटा	२००
	क) एक लाखसम्म पूँजी भएको सप्लायर्स		
	ख) एक लाख देखि पाँच लाखसम्म पुँजी भएको सप्लायर्स		१०००
	ग) पाँच लाख देखि दश लाखसम्म पूँजी भएको सप्लायर्स		३०००
	घ) दश लाख देखि माथि पुँजी भएको सप्लायर्स		४०००
४२	टेन्ट हाउस		५०००
४३	रासायनिक मल, विषादी पसल तथा बिउ बिजन विक्रेता		२०००
४४	सुर्ती पसल थोक तथा खुद्रा विक्रेता		३०००
४५	डिलरशीप (माथि भए बाहेक)		२५००
४६	मिल (कुटानी पिसानी)		५०००
४७	कवाडी व्यवसाय		१०००
			२०००

माथि उल्लेख भएका व्यवसायहरु ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्तिको नाममा दर्ता गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिइनेछ। माथि उल्लेख भएका सबै व्यवसायहरु प्रत्येक आ.व. को आश्विन मसान्त भित्र नवीकरण नगरेमा २५ प्रतिशत थप जरीवाना लाग्नेछ साथै व्यवसाय नविकरण शुल्क दर्ता शुल्कको ५०% लाग्नेछ।)

४७	**संस्था दर्ता**		
४७.१	कार्यक्रम संचालन स्वीकृति		१०००
४७.२	अन्य नाफामुलक संस्था		३०००
४७.३	गैर नाफामुलक संस्था दर्ता		
	खानेपानी तथा सिंचाई		५००
	धार्मिक संस्था		५००
४७.४	गैर सरकारी संस्था नविकरण सिफारिस शुल्क		
	रु १ देखि ५ लाखसम्म कारोबार भएको संस्था		१५००
	रु ५ लाख देखि १० लाखसम्म कारोबार भएको संस्था		२०००
	रु १० लाख देखि २५ लाखसम्म कारोबार भएको संस्था		२५००
	रु २५ लाख देखि १ करोडसम्म कारोबार भएको संस्था		३०००
	रु १ करोड देखि माथि कारोबार भएको संस्था		५०००
४८	अन्तराष्ट्रिय गैर सरकारी संस्था		५०००
४९	**संघ, संस्था दर्ता तथा नविकरण शुल्क**		
४९.१	गैर सरकारी संस्था दर्ता शुल्क		३०००
४९.२	गैर सरकारी संस्था नविकरण शुल्क		
	रु. १ देखि माथि २५ लाखसम्म कारोबार भएको संस्था		५००
	रु. २५ लाख देखि माथि ५० लाखसम्म कारोबार भएको संस्था		७००
	रु. ५० लाख देखि माथि १ करोडसम्म कारोबार भएको संस्था		१०००
	रु. १ करोड देखि माथि कारोबार भएको संस्था		१५००

प्रत्येक आ.व.को असोज मसान्तभित्र नविकरण नगरेमा सोही आ.व.को लागि थप २५% जरिवाना र पछिल्लो आ.वे.हरुमा समेत नविकरण नगरेमा जम्मा लाग्ने कूल नविकरण शुल्कको ५०% थप जरिवाना लाग्नेछ। लगातार ५ वर्षसम्म संस्था नविकरण नगरेमा उक्त संस्था स्वतः खारेज हुनेछ।

Scanned with CamScanner

अनुसूची--५

दफा (६) संग सम्बन्धित

काठ, दाउरा, जराजुरी, जडीबुटी र जीवजन्तु कर

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	ऊन, खोटो निकासी शुल्क	प्रति के.जी.	६
२	बज्रजन्ती, काफलको बोक्रा, चुत्रोको बोक्रा निकासी शुल्क	प्रति के.जी.	२
३	लोठ सल्लाको पात, सतुवा, लप्सी निकासी शुल्क	प्रति के.जी.	५
४	धसिंगरे निकासी शुल्क	प्रति के.जी.	३
५	धुपीको काठ निकासी शुल्क	प्रति के.जी.	२०
६	पैयुको बोक्रो, सल्लाको सिइटा, एसेलुको डाँठ, तितेपाती, मजिठो, धुपीको पात, अमला, काउलो, हर्रो, बर्रो निकासी शुल्क	प्रति के.जी.	१
७	साल प्रति क्यू.फिट	प्रति क्यू.फिट	२००
८	सल्लो, उत्तिस, चिलाउने, कटुस, मौवा, अस्ना (साज), शिरिस, सिमल, अन्य	प्रति क्यू.फिट	५
९	दाउरा	प्रति ट्रिप	५००
१०	काठ कटानी, मुछ्यानी र पाइलिङ्ग (समूह भन्दा बाहिर बिक्री/निकासी) गरेमा	प्रति क्यू.फिट	२०
११	प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला आदि निकासी शुल्क	प्रति के.जी.	५
१२	सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर बिक्री शुल्क दर	स्तर (ग्रेड)	करको दर प्रति क्यू.फिट रु.
	साल	ए	१०००
		बी	७००
		सी	५००
	ओखर, चाँप र दार	-	५००
	सिसौ (वृक्षारोपण)	४ फिट र सो भन्दा बढी गोलाई भएको	४००
		४ फिट भन्दा कम गोलाई भएको	२००
	अस्ना, जामुन, कर्मा, टुनी र सिरिस	ए	३००
		बी	२००
	खोटे सल्लो	ए	२००
		बी	१५०
	सिमल	-	१२५
	हर्रो, बर्रो, फल्दु, चिलाउँने र सौर	-	२००
	उत्तिस, कटुस, मसला, आँप, अन्य सल्लो	-	१००
	बोटधंगेरो	-	८०
	अन्य (माथि उल्लेख भए देखि बाहेक)		७५ प्रति क्यू.फिट
१३	जरा र ठुटा		
	साल		७५।- प्रति ठुटा
	अन्य		४० प्रति ठुटा
१४	बल्लाबल्ली (३ फिट भन्दा साना)	स्तर (ग्रेड)	मूल्य दर
	साल	ए	१५०
		बी	१००
	अस्ना, कर्मा र जामुन	ए	७५
		बी	५०
	सल्ला	ए	५०

Scanned with CamScanner

	अन्य	बी	२५
१५	दाउरा	ए	२५
१५.१	व्यापारिक प्रयोजन	इकाई	मूल्य दर रू.
(क)	साल		
		प्रति चट्टा	८०००
			१।- प्रति के.जी. (चिरूवा र लप्स टप्स समेत)
(ख)	सिसौ र टिक	प्रति चट्टा	१२०००।-
			१।५० प्रति के.जी.
(ग)	अन्य	प्रति चट्टा	४०००।-
			०।५० प्रति के.जी. (चिरूवा र लप्स टप्स समेत)
१५.२	दाह संस्कार		
(क)	साल	प्रति चट्टा	१०००।-
			०।२५ प्रति के.जी. (चिरूवा र लप्स टप्स समेत)
(ख)	अन्य	प्रति चट्टा	५००।-
			०।१५ प्रति के.जी. (चिरूवा र लप्स टप्स समेत)
१५.३	घरकाज		
(क	साल	प्रति चट्टा	४०००।-
			०।५० प्रति के.जी. (चिरूवा र लप्स टप्स समेत)
(ख)	अन्य	प्रति चट्टा	२०००।-
			०।२५ प्रति के.जी. (चिरूवा र लप्स टप्स समेत)

अनुसूची–६

दफा (७) संग सम्बन्धित

विज्ञापन कर

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	होर्डिङ बोर्ड /साइन बोर्ड	प्रति वर्ग फिट	७५
२	व्यापारिक स्टल	प्रति गोटा	१५०
३	धातुको फ्रेम वा विद्युतीय तरङ्ग प्रयोग गरिएको प्रचार सामाग्री	प्रति वर्ग फिट	२००
४	रेडियो विज्ञापन कर		१ प्रतिशत
५	पत्रपत्रिका विज्ञापन कर		२ प्रतिशत

अनुसूची–७

दफा (८) संग सम्बन्धित

मनोरञ्जन कर

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	भिडियो घर, फनपार्क, बाल उद्यान्न	प्रति टिकट	५ प्रतिशत

अनुसूची–८

दफा (९) संग सम्बन्धित

बहाल बिटौरी शुल्क

सि.नं	विवरण	इकाई	करको दर (रु)

Scanned with CamScanner

१	ताप्लुमाराङ-मेलम्ची, काफ्लेखोला-मेलम्ची र मेलम्ची -सिपाघाटसम्मको हेलम्बु सहायक राजमार्ग आसपासका सार्वजनिक संरचना/जग्गाहरु		
१.१	नदीजन्य पदार्थ उत्पादन/संकलन सम्बन्धी उद्योग	प्रति रोपनी	१००००
१.२	कृषि तथा कृषिजन्य व्यवसाय	प्रति रोपनी	२५००
१.३	स्थायी संरचना बनेकाको हकमा	प्रति वर्ग फिट	२५
१.४	अस्थायी संरचना बनेकाको हकमा	प्रति वर्ग फिट	२०
१.५	हाट बजार	प्रति दिन प्रति स्टल	५०
२	माथि सि.नं. १ मा उल्लेख भएका क्षेत्र बाहेकका नगरपालिका भित्रका सार्वजनिक संरचना/जग्गाहरु		
१.१	नदीजन्य पदार्थ उत्पादन/संकलन सम्बन्धी उद्योग	प्रति रोपनी	१००००
१.२	कृषि तथा कृषिजन्य व्यवसाय	प्रति रोपनी	१०००
१.३	स्थायी संरचना बनेकाको हकमा	प्रति वर्ग फिट	१५
१.४	अस्थायी संरचना बनेकाको हकमा	प्रति वर्ग फिट	१०
१.५	हाट बजार	प्रति दिन प्रति स्टल	३०
३	भवन		
	क) पक्की	प्रति वर्ग फिट	७०
	ख) कच्ची	प्रति वर्ग फिट	५०

अनुसूची–९

दफा (१०) संग सम्बन्धित

सवारी साधन पार्किङ्ग शुल्क

सि.नं	विवरण	इकाई	करको दर (रु)
	पार्किङ्ग शुल्क		
१	स्कुटर/मोटरसाइकल	प्रति घण्टा	५
२	हलुका सवारी साधन	प्रति घण्टा	१५
३	ट्र्याक्टर	प्रति घण्टा	१५
४	हेभी सवारी साधन-बस, ट्रक	प्रति घण्टा	२०

अनुसूची–१०

दफा (११) संग सम्बन्धित

ट्रेकिङ्ग कायोकिड, प्यारागलाइडिङ्ग तथा च्याफ्टीङ्ग शुल्क

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	च्याफ्टीङ्ग सेवा शुल्क	प्रति व्यक्ति	५०/-
२	ट्रेकिङ	प्रतिव्यक्ति प्रति दिन	५०

अनुसूची–११

दफा (१२) संग सम्बन्धित

सेवा शुल्क तथा दस्तुर

सि.न	विवरण	इकाई	करको दर (रु)
१	नक्शा पास, निर्माण स्वीकृति शुल्क		
१.१	आवासीय		
	क वर्गको	प्रति वर्ग फिट	२०
	ख वर्गको	प्रति वर्ग फिट	१२
	ग वर्गको (आरसिसि र लोड बेरिङ)	प्रति वर्ग फिट	८
	घ वर्गको	प्रति वर्ग फिट	५
१.२	आवसीय तथा व्यापारिक		
	क वर्गको	प्रति वर्ग फिट	२०
	ख वर्गको	प्रति वर्ग फिट	१५
	ग वर्गको	प्रति वर्ग फिट	१०
	घ वर्गको	प्रति वर्ग फिट	५
१.३	नक्सा फेरबदल दस्तुर		१०००
१.४	मोहोडा परिवर्तन दस्तुर		१०००

Scanned with CamScanner

१.५	तल्ला थप निवेदन शुल्क		२०००
१.६	व्यापारिक भवन	प्रति वर्ग फिट	३०
१.७	व्यवसायिक भवन	प्रति वर्ग फिट	३०
१.८	शैक्षिक भवन	प्रति वर्ग फिट	८
१.९	संस्थागत भवन	प्रति वर्ग फिट	१०
१.१०	औद्योगिक भवन	प्रति वर्ग फिट	४०
२	निर्माण सम्पन्न वा नामासारी शुल्क (आर सि सि)		१०००
३	निर्माण सम्पन्न वा नामासारी शुल्क (लोड बेरिङ्ग)		५००
४	**अभिलेखिकरण दस्तुर**		
	४.१. आवासीय घर		
	६०० वर्ग फिट सम्मको लागि	प्रति वर्ग फिट	४
	६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि	प्रति वर्ग फिट	५
	१००० वर्ग फिट देखि माथि सबै	प्रति वर्ग फिट	६
	लोड बियरिङ्ग घरहरुको हकमा	प्रति वर्ग फिट	२
	४.२. आवासीय तथा व्यापारिक घर		
	६०० वर्ग फिट सम्मको लागि	प्रति वर्ग फिट	५
	६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि	प्रति वर्ग फिट	६
	१००० वर्ग फिट देखि माथि सबै	प्रति वर्ग फिट	७
	लोड बियरिङ्ग घरहरुको हकमा	प्रति वर्ग फिट	३
	(माथि सि.नं. ४.१ र ४.२ मा उल्लेख भएका भवनको प्लिन्थको क्षेत्रफलको आधारमा वर्गिकरण गरिएको तथा साविक स्थानीय निकायमा दर्ता भएका भवनहरुको हकमा उपरोक्त दररेटमा २५% छुट दिइनेछ ।		
५	नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नताको प्रतिलिपी शुल्क		१०००
६	प्लिन्थ लेवल भन्दा माथि Super Structure को नक्शा पास गरी तोकिएको समयमा निर्माण सम्पन्न नगरेमा विलम्ब शुल्क		१००० वा १५ प्रतिशत मध्ये जुन बढी हुन्छ ।
७	म्याद थप गरेपछि २ वर्ष भित्र निर्माण कार्य सम्पन्न नगरेमा थप विलम्ब शुल्क		थप १५ प्रतिशत
८	स्वीकृत नक्शा बाहेक तला थप्ने, लम्बाई चौडाई बढाएमा		तोकिएको दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।
९	स्वीकृत नक्शा बाहेक मोहोडा बदलेमा		१०००
१०	तोकिएको समयमा भवन निर्माण सम्पन्न नगरेमा		पहिले लागेको दस्तुरको ५% थप दस्तुर लिई दुई वर्षको लागि म्याद थप ग सकिनेछ
११	डिजाइन शुल्क	५००	५००
१२	काठ कटान		
	क) घरायसी प्रयोजनका लागि	प्रति क्यू फिट	१
	ख) व्यापारिक प्रयोजनका लागि	प्रति क्यू फिट	२
१३	घर जग्गा मूल्यांकन (विद्यार्थीलाई ४५ प्रतिशत छुट)		०.१ प्रतिशत
१४	व्यवसाय दर्ता प्रतिलिपी		२००
१५	चार किल्ला प्रमाणित		३००
	(क) थप प्रति किल्ला		१००
१६	चार किल्ला प्रमाणित प्रतिलिपी	प्रति किल्ला	१००
१७	अमिनद्वारा स्थलगत नापजाँच		
	(क) नगरपालिका क्षेत्र भित्र		१०००
	(ख) नगरपालिका क्षेत्र बाहिर		२०००
१८	घरबाटो भए नभएको प्रमाणित गरेको		५००
१९	घर जग्गा कर रसिदको प्रतिलिपि		५०/-

Scanned with CamScanner

२०	प्राविधिक फिल्ड गई डिपिसी चेक जाँच		१०००/-
२१	नक्शापास आवेदन पुस्तिका		५००/-
२२	नाता प्रमाणित		१००
२३	व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर		१००/-
२४	दर्ता शुल्क		
२५	आय श्रोत प्रमाणित (विद्यार्थीका लागि २५ प्रतिशत छुट)		०.५ प्रतिशत
२६	सिफारिस दस्तुर		
२६.१	छुट जग्गा दर्ता सिफारिस		५००
२६.२	जग्गा नामसारी सिफारिस		२००
२६.३	मोही नामसारी सिफारिस		२००
२६.४	डिलर लिने सिफारिस		२०००
२६.५	नागरिकता सिफारिस		१००
२६.६	बाहिरी जिल्ला कर्मचारी परिवार नागरिकता/प्रतिलिपी लिनका लागि सिफारिस		१००
२६.७	नागरिकताको प्रतिलिपी सिफारिस		१५०
२६.८	अंगिकृत नागरिकता सिफारिस		५००
२६.९	धारा जडान सिफारिस		१००
२६.१०	बिजुली जडान सिफारिस		२००
२६.११	अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिस		३००
२६.१२	सामुदायिक/सरकारी विद्यालयको तह वृद्धि सिफारिस		२०००
२६.१३	संचार टावर स्वीकृती सिफारिस		१००००
२६.१४	योजना/छुट सिफारिस		२००
२६.१५	लेनदेन कारोवारको लिखत प्रमाणित		२००
२६.१६	जातीय सिफारिस		२००
२६.१७	अन्य सिफारिस		२००

नोट : भुई तल्लासम्म सटर भएका भवनलाई आवासीय तथा व्यापारिक मानिने र सो भन्दा माथिल्लो तल्लामा सटर राखी १५०० वर्ग फिट भन्दा बढी क्षेत्रफल भएका भवनलाई व्यापारिक भवन मानिनेछ। साथै, आ.व. २०७६/०७७ मा ढुंगा, माटोको जोडाई र इटा सिमेन्टको जोडाई सहित जस्ताको छाना भएको लोड बियरिङ्ग प्रकृतिका स्थायी आवास निर्माणमा भूकम्पपीडित लाभग्राहीहरुलाई नक्सा पास प्रक्रियामा सत प्रतिशत छुट दिइनेछ।

अनुसूची–१२

दफा (१३) संग सम्बन्धित

पर्यटन शुल्क

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	नेपाली नागरिक	प्रति व्यक्ति प्रति दिन	१०
२	गैर नेपाली नागरिक	प्रति व्यक्ति प्रति दिन	१००
३	गैर आवसीय नेपाली नागरिक	प्रति व्यक्ति प्रति दिन	५०

अनुसूची–१३

दफा (१४) संग सम्बन्धित

ढुंगा, गिटी, बालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको संकलन तथा बिक्री शुल्क

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	ढुङ्गा गिटी बालुवा बिक्री शुल्क	प्रति घन फिट	९
२	पत्रे ढुङ्गा निकासी	प्रति वर्ग फिट	६

अनुसूची–१४

दफा (१५) संग सम्बन्धित

जरिवाना

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	नगरपालिका क्षेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर गरेमा, राखेमा वा फालेमा र जथाभावी पार्किङ्ग गरेमा		२०० देखि ५००० सम्म

Scanned with CamScanner

२	नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु उत्खनन् (स्काभेटर)	प्रति स्काभेटर	७५०००
३	नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु उत्खनन् (ब्याकहो लोडर)	प्रति ब्याकहोलोडर	५००००
४	नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (ट्रिपर)	प्रति ट्रिपर	२००००
५	नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (आइचर)	प्रति आइचर	१००००
६	नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (अन्य साना साधन)	प्रति गाडी	५०००
७	नगरपालिका क्षेत्रबाट अवैध रुपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासी गरेमा	प्रति गाडी	३००००
८	नगरपालिकाबाट ईजाजत नलिई डि.पि.सी. निर्माण गरेमा		५०००
९	नगरपालिका क्षेत्रभित्र व्यवसाय दर्ता नगरी संचालन गरेमा	प्रति व्यवसाय	५०००

निर्णय नं ४, मेलम्ची नगरपालिकाको विभिन्न मितिमा बसे-पालिकाबाट भएका निर्णयहरु तथा टिप्पणी र आदेशबाट स्वीकृत भई कार्यान्वयन भएका निर्णयका खर्चहरु यसै सभाबाट अनुमोदन भएको निर्णय गरियो ।

Scanned with CamScanner

वडा नं. १			
१	भोटेचौर सडक स्तरोन्नती योजना	१००२५००।००	
२	भोटेचौर खानेपानी मर्मत संभार योजना	३०००००।००	
३	भोटेचौर घाटेपाटी तथा चिता निर्माण योजना	५०००००।००	
४	भोटेचौर सामुदायिक भवन निर्माण योजना	७०००००।००	
५	भोटेचौर साना सिंचाई योजना (साझेदारी)	५०००००।००	
६	भोटेचौर सडक विस्तार साझेदारी योजना	५०००००।००	
७	भोटेचौर भु संरक्षण तथा वातावरण संरक्षण योजना	३०००००।००	
८	भोटेचौर कृषि तथा पशुपालन प्रवर्द्धन योजना	३०००००।००	
९	भोटेचौर पर्यटन प्रर्वद्धन कार्यक्रम	२०००००।००	
१०	भोटेचौर शैक्षिक विकास योजना	२०००००।००	
११	भोटेचौर स्वास्थ्य तथा सरसफाई योजना	२०००००।००	
१२	आफ्नो गाउँ आफैं बनाउँ विशेष कार्यक्रम	१०००००।००	
१३	लक्षित वर्ग जागरण तथा उत्थान कार्यक्रम	३५०००।००	
जम्मा		६०५२५००।००	

Scanned with CamScanner

वडा नं. २			
१	चियावगान प्रवेशद्धार प्रतिक्षालय, शौचालय तथा धारा निर्माण पर्यटन प्रवर्द्धन	८०००००।००	
२	काब्राको बोट सामुदायिक भवन तथा पार्क निर्माण	६०००००।००	
३	कुलदेवतास्थान भजुवा पधेरा खाँद सडक मर्मत	६०००००।००	
४	सिमलबोट सुयलछाप पिपलबोट सडक विस्तार	५०००००।००	
५	काठेखोला डिही आँथोको वगर सिंचाई कुलो मर्मत	३०००००।००	
६	तपचुली चियावगान विस्तार योजना	५०००००।००	
७	वडा सिमाना तपचुली सडक स्तरान्नती	७०००००।००	
८	शिक्षा, आयआर्जन, सिपमुलक, लक्षित वर्ग, जीविकोपार्जन, स्वास्थ्य, वनवातावरण तथा विपद् व्यवस्थापन	१६९६०००।००	
	जम्मा	५६९६०००।००	

Scanned with CamScanner

वडा नं. ३			
१	काउलेदोभान वडा कार्यालय शिवपुरी मोटरबाटो मर्मत	६०००००।००	
२	खड्काछाप हिलेभन्ज्याङ मोटरबाटो मर्मत	६०००००।००	
३	लोकेश्वरी मानेथोक ट्वारेटोल मोटरबाटो मर्मत	४०००००।००	
४	मर्गिनडाडा वडा कार्यालय मोटरबाटो मर्मत	२०००००।००	
५	तल्लो दहपोखरी चिलाउनेखोला मोटरबाटो मर्मत	३०००००।००	
६	बोब्राङ चिसापानी मोटरबाटो मर्मत	२०००००।००	
७	गरूङगाउँ पुछारटोल जैसीगाउँ घुम्ती मोटरबाटो	२०००००।००	
८	चोहोटोल गुम्बाटोल खानेपानी योजना	८०००००।००	
९	देवीथान मन्दिर निर्माण तल्लो दहपोखरी	३०००००।००	
१०	लोकेश्वरी मन्दिर ग्राउण्ड निर्माण	३०००००।००	
११	लोकेश्वरी मेला व्यवस्थापन	१०००००।००	
१२	साउण्ड सिस्टम खरिद	५०००००।००	
१३	पशु स्वास्थ्य सेवा केन्द्र संचालन	२०००००।००	
१४	डाडाथोक चिहानपाटी सवदाहगृह निर्माण	४०००००।००	
१५	ए आर एस अर्गानिक कृषि फर्म किविखेती प्रर्वद्धन	२०००००।००	
१६	हडगेल बाझोखेत सिंचाई कुलो मर्मत	२०००००।००	
१७	सामतेनसाङ गुम्बा जिर्णोद्धार	१४९०००।००	
१८	ग्रामिण सडक मर्मत तथा सरसफाई	३०००००।००	
जम्मा		५९४९०००।००	

Scanned with CamScanner

	वडा नं ४		
	सडक तथा पूर्वाधार विकास तर्फ		
१	बसेरी , पुच्छर , डिही मोटर बाटो निर्माण		
२	थानकुने ,भिरखर्क, निगाले, पात्लेचित्रे मो.बा. निर्माण	८०००००	
३	बसेरी सिरानीटोल दुम्सी बारी मोटरबाटो निर्माण	४०००००	
४	सिन्धु सुरूङ डाँडाकटरी चिहान डाँडा मो.बा.निर्माण	१०००००	
५	अमले कृषि सडक निर्माण	२०००००	
६	पिप्ले मुसुरे बाँसखर्क,ओखेनी मोटरबाटो	१०००००	
